# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मध्यनेपाल नगरपालिका
## लमजुङ

आर्थिक वर्ष २०७९/८०






महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

## मध्यनेपाल नगरपालिका

## लमजुङ

आर्थिक वर्ष २०७९/८०




महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

# अन्तिम लेखापरीक्षण प्रतिवेदन

मध्यनेपाल नगरपालिका

लमजुङ

आर्थिक वर्ष २०७९/८०

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)


राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता (Core Values)

निष्ठा *(Integrity)*
स्वतन्त्रता *(Independence)*
व्यावसायिकता *(Professionalism)*
पारदर्शिता *(Transparency)*
जवाफदेहिता *(Accountability)*

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। त्यसैगरी लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । लेखापरीक्षण गर्दा नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिईएको छ । यस स्थानीय तहको २०७९/८० को लेखापरीक्षणबाट देखिएका व्यहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रिया समेत विचार गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहिता लगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ । समय, जनशक्ति, स्रोतको उपलव्धता लगायतका सीमा रहेता पनि स्थानीय तह सम्म नै उपस्थित भई लेखापरीक्षण सम्पन्न गर्ने नीति लिइएको छ। यसै गरी लेखापरीक्षणको क्रममा स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग लेखापरीक्षणबाट देखिएका व्यहोरा उपर छलफल गरिएको छ।

यस वर्ष स्थानीय तहको लेखापरीक्षणबाट कार्यसम्पादनका लागि आवश्यक पर्ने कतिपय कानुन निर्माण हुन बाँकी रहेको, कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, प्रशासनिक तथा अनुत्पादक खर्चमा वृद्धि हुँदै गएको, एउटै योजना समेत टुक्र्याई कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरुको समेत परामर्शदाताद्वारा विस्तृत आयोजना प्रतिवेदन तयार गरी खर्च गरेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत नियुक्ति गरेको, आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदनमा सुधार गर्नु पर्ने देखिएको, सार्वजनिक सम्पत्ति संरक्षण र उपयोग प्रभावकारी रुपमा हुन नसकेको, स्थानीय तहमा लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा गर्न बाँकी रहेको जस्ता व्यहोरा देखिएका छन्। त्यस स्थानीय तहसँग सम्बन्धित व्यहोरा सहितको राय संलग्न गरिएको छ । एकै प्रकृतिका व्यहोराहरू वर्षेनी दोहोरिने गरेकोले वित्तीय अनुशासनमा अपेक्षित रुपमा सुधार हुन सकेको छैन ।अतः लेखापरीक्षणबाट औंल्याएका ब्यहोराहरू उपर आवश्यक कारबाही गरी वित्तीय अनुशासन कायम गर्नुका साथै सेवा प्रवाहलाई प्रभावकारी बनाउन त्यस स्थानीय तहबाट थप पहल कदमी हुने विश्वास लिएको छु ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका पदाधिकारी तथा कर्मचारीप्रति आभार व्यक्त गर्दछु । साथै लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको लागि विशेष धन्यवाद व्यक्त गर्दछु ।

**तोयम राया**

**२०८१ जेठ** **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय

अनामनगर/बबरमहल, काठमाडौं, नेपाल

प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय

गण्डकी प्रदेश

मितिः२०८१।२।१३

प.सं. २०८०।८१

च.नं. २६

विषयः **लेखापरीक्षण प्रतिवेदन ।**

श्री प्रमुखज्यू ,

मध्यनेपाल नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,

लमजुङ।

१. **कैफियत सहितको राय** — हामीले मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण, त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरणको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेस भएको २०८० आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७९/८० को प्राप्ती र भुक्तानीको विवरण र त्यससँग सम्बन्धित अनुसूची तथा अन्य विवरण समावेश भएको वित्तीय प्रतिवेदनले यस नगरपालिकाको वित्तीय कारोबार र प्रतिवेदनसँग सम्बन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

२. **कैफियत सहितको राय व्यक्त गर्ने आधार**

२.१. पालिकाले अन्तरसरकारी अख्तियारी, आन्तरिक आय तथा विविध कोष लगायतको वित्तीय विवरण महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरेर तयार गरेको छैन ।

२.२. लेखापरीक्षणबाट रू. १ करोड ८४ लाख ९० हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु लाख - हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू **३०** लाख **७०** हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. **९२** लाख **२१** हजार र नियमित गर्नुपर्ने रु. **६१** लाख **९९** हजार समेत रु १ करोड ८४ लाख ९० हजार रहेको छ ।नगरपालिकाको गतवर्ष सम्म रु. १४ करोड ०५ लाख ३१ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. १५ करोड ९० लाख २१ हजार रहेको छ ।नगरपालिकाको बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको व्यहोरा यसैसाथ संलग्न छ ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम गरिएको छ । वित्तीय प्रतिवेदन तयार गर्न नगरपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि प्रचलित कानुन र स्वीकृत आचारसंहिता अनुसार हामीले कार्य गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं।

३. **अन्य व्यहोरा -** ऐन नियमको परिपालना, आन्तरिक नियन्त्रण व्यवस्था, सम्पत्तिको संरक्षण, स्रोत साधनको प्राप्ति र उपयोग, बजेट व्यवस्थापन र राजस्व संकलन, सार्वजनिक खरिद व्यवस्थापन, कार्यक्रम स्वीकृति एवं कार्यान्वयन, उपभोक्ता समितिलाई अनुदान वितरण तथा अनुगमन र सेवा प्रवाहलगायतका विषयमा सुधार गर्नुपर्ने देखिएका छन् ।

४. **वित्तीय विवरण उपर व्यवस्थापन तथा पदाधिकारीको जिम्मेवारी -** नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी एकीकृत वित्तीय विवरण तयार गर्ने तथा गल्ती (Fraud) वा त्रुटिका कारणबाट वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी मध्यनेपाल नगरपालिकाको व्यवस्थापनमा रहेको छ । पालिकाका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार हुनेछन् ।

५. **वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी -** वित्तीय प्रतिवेदन समग्रमा गल्ती (Fraud) वा त्रुटिका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो ।लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ । लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुन बमोजिम लेखापरीक्षण कार्य सम्पादन गरेको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तरनिहित सीमाहरुका कारण वित्तीय विवरण वा आर्थिक कारोवारमा भएका सबै प्रकारका गल्ती (Fraud) वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका गल्ती (Fraud) वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

**( जयराम घिमिरे )**

**नायब महालेखापरीक्षक**

मध्यनेपाल नगरपालिका,

लमजुङ।

## १. चालु वर्ष २०७९।८० को बेरुजु

### बेरुजु वर्गीकरण (विनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

(रु. हजारमा)

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्योंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | पेस्की |
| ४४ | ७४ | १८४९० | ० | ० | ० | ४४ | ७४ | १८४९० | ३०७० | ६१९९ | ९२२१ | ० | ० | १५४२० | ० |

## २. अद्यावधिक बेरुजु स्थिति (२०७९।८० सम्मको)

(रु. हजारमा)

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्योंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| लमजुङ | १४०५३१ | ० | ० | १४०५३१ | ० | १८४९० | १५९०२१ |

## ३. बेरुजु सम्परीक्षणको विवरण

| क्र. सं | आर्थिक वर्ष | बेरुजुको दफा | छोटकरी व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| | २०७९।८० (चालु वर्षको) | | | ० |
| | चालु वर्षको जम्मा | | | ० |
| | गत विगत वर्षतर्फको | | | ० |
| | गत विगतको जम्मा | | | ० |
| | कुल जम्मा | | | ० |

पालिकाको अन्तिम लेखापरीक्षणको विवरण तल उल्लेख गरिएको छ ।

## परिचय

१ **(क) कार्यालय परिचय -** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नगरपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह—अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु उद्देश्य रहेको छ। यस पालिका अन्तर्गत १० वडा, ११३.८६ वर्ग किलोमिटर क्षेत्रफल तथा २१३७३ जनसंख्या रहेको छ।

**(ख) लेखापरीक्षणको उद्देश्य -** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०७९।८० को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानूनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हुनेछ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि -** यस कार्यालयको विनियोजन, राजश्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०७९।८० मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८०।०९। १८ देखि २०८०।०९।२२ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा -** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमूना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति -** कार्यालयको विनियोजन, राजश्व, धरौटी, अन्य कारोबार, आय – व्यय र सम्पत्ति तथा दायित्व सम्वन्धी बिष्तृत विवरण अनुसूची -१ मा संलग्न रहेको छ ।

## लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **अग्रिम आयकर -** आयकर ऐन २०५८ अनुसार रु ५० लाख वा सो भन्दा माथिको उपभोक्ता समितिलाई भएको भुक्तानीमा १.५ प्रतिशतले अग्रिम आयकर कट्टा गर्नुपर्ने व्यवस्था छ।पालिकाले देहाय अनुसार २ वटा विद्यालयलाई विद्यालय भवन निर्माण गर्न उपलव्ध गराएको रकममा १.५ प्रतिशतले अग्रिम आयकर कट्टा गर्नुपर्नेमा कट्टा नगरेकोले असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | भुक्तानी रकम | १.५ कर |
|---|---|---|
| इशानेश्वर मा वि | ५००००० | ७५००० |
| मंगला मा वि सोतिपसल | ५००००० | ७५००० |
| जम्मा | | १५०००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,५०,००० |

३ **पारिश्रमिक कर -** आय कर ऐन २०५८ को दफा ८८ को उपदफा १ मा वैठक भत्ता तथा पटके रुपमा गरिने अध्यापन वापतको पारश्रमिक कर १५ प्रतिशत निर्धारण गरेको छ।पालिकाले तपशिलका भौचरबाट भुक्तानी गर्दा कर कट्टा नगरी भुक्तानी गरेको देखिएकाले कट्टी नभएको कर रकम सम्वन्धितबाट असुल गर्नुपर्ने रु

| भौ नं।मिति | विवरण (प्रशिक्षण वापत) | भुक्तानी भएको रकम | काटिनुपर्ने कर |
|---|---|---|---|
| ६८।२०७९।९।२२ | वैठक भत्ता भुक्तानी | २०००० | ३००० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,००० |

४ **ठेक्का अभिलेख -** सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न. ५०७ को ढाँचामा अद्यावधिक गरी विवरण राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन। अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक राख्नुपर्दछ। आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६ (७) बमोजिम बार्षिक कार्यक्रम तथा कार्यक्रमको कार्यान्वयन तालिका बनाउदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्वतयारी अवस्था खरिद विधि छनौट प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा बोलपत्र आवहान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र संम्पन्न गर्नुपर्ने व्यवस्था छ। यो वर्ष गरेका ठेक्का अवस्था निम्न अनुसार रहेका छनः

| सि. नं | आयोजनाकोनाम | जम्मालागत अनुमान | संम्झौता रकम | संझौतामिति | सम्पन्नगर्ने मिति | हालसम्म को खर्च | भौतिकप्रगति प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| १ | सोतिपसल पाण्डे गाँउ जिताको सडक स्तरउन्नति वडा नं २ (Cab Kusum jv) | २९४४४७३६६ | १६९८२२७७ | २०७८।१०।२३ | २०८१।०२।२५ | ३९५९२५९ | ३० |
| २ | चर्दी खोलामोटरेवल पुल वडा नं ३-४ (KBC PRASAD JV) | ३७०९१४२५ | २२५४१७०७ | २०७८।१०।२२ | २०८०।१०।२२ | १३२००००० | ५२ |
| ३ | भोर्लेटारबाङग्रेबेशी सडक वडा नं ६-९ (RISHI SHAKTI PARAJULI JV) | ४८२७८१०३ | २६९९७५६० | २०७८।१०।२३ | २०८०।०४।२३ | २६९०००० | १०० |
| ४ | जिताबेशीवडा पालिका सडक वडा नं १ (Cab Kusum jv) | २८९२०२५४ | १६९२४००० | २०७८।११।२६ | २०८०।११।१५ | १३०८३००० | ८५ |
| ५ | प्रशासकीयभवन निर्माण वडा नं ६ (AROGYA SUBEDI JV ) | ६१४३४२१४ | ४२९३७५७८ | २०७७।०९।२५ | २०८०।०९।२९ | २९१४६००० | ८० |
| ६ | मादी पुल-रामवजार - लक्ष्मीवजार सडक वडा नं ७ (Cab Kusum jv ) | ४६५५१८५४ | २८०६४००० | २०७८।११।२६ | २०८०।११।२५ | १९९००००० | ८५ |
| ७ | १५ शैयाअस्पताल वडा नं ३-४ ( HANUMAN | १८५०४११८५ | १२०७४६५५७ | २०७८।०२।२५ | २०८०।१२।२५ | ८९८०४१८७ | ८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | CONSTUCTION) | | | | | | |
| ८ | मिदिम खोलातटबन्धन वडा नं 8-9 (INDRENI ENGINEERING CONSULTANCY) | ४९९९५५२ | ४०५००३२ | २०७९।०९।२९ | २०८०।०२।१५ | ४०४०३८० | १०० |
| ९ | मादी नदीनियन्त्रण तथा करिडोर निर्माण वडा नं 4-7 (BHADRAKALI ENGINEERING AND BUILDERS) | ९९९२२१३ | ७६२०७०८ | २०७९।०९।२९ | २०८०।०३।१५ | १२५००००० | १० |
| १० | बाङग्रेस्वास्थ्य चौकी वडा नं 9 (SHUBHA-SHUBHAM CONSTRUCTION ) | १९९७८१०५ | १३९७५१५६ | २०८०।०२।२३ | २०८१।०८।२२ | ५१७२०८० | ५० |

पालिकाको ठेक्का अभिलेख अनुसार गतवर्ष तथा सो भन्दा अगाडी ठेक्का व्यवस्थापन गरेका ७ ठेक्का र यो आर्थिक बर्षमा ३ ठेक्का समेत १० वटा ठेक्का व्यवस्थापन गरेको देखियो। ति ठेक्कामध्ये २ वटा ठेक्का सम्पन्न भएको देखिन्छन भने अन्य ठेक्का चालु अवस्थामा रहेका देखिन्छन। सम्पन्न हुन बाँकी ठेक्का समयमै सम्पन्न गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ।

५ **ठेक्काको स्थिति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १६(७) वमोजिम बार्षिक वजेट तथा कार्यक्रमको कार्यान्वयन तालिका वनाँउदा कार्यान्वयन गरिने आयोजना वा कार्यक्रमको पूर्व तयारी अवस्था, खरिद विधि छनौट प्राविधिक तथा अन्य जनशक्ति व्यवस्थापन लागत अनुमान तयार गर्ने तथा वोलपत्र आव्हान गर्ने जस्ता कार्य प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्ने व्यवस्था छ। पालिकाले यो बर्ष प्रशासकीय भवन निर्माण, १५ शैया अस्पताल, स्वास्थ्य चौकी भवन, तटवन्धन, नदी नियन्त्रण तथा सडक निर्माण गर्नका लागि ७ वटा ठेक्का गत वर्षदेखि संचालनमा रहेका ठेक्का र ३ वटा ठेक्का यो बर्षमा व्यवस्थापन भएको देखियो। ती ठेक्का र कार्यको प्रगतिको अवस्था देहाय अनुसार रहेको छ।

| आयोजनाको नाम | सम्झौता रकम | सम्झौता मिति | सम्पन्न गर्ने मिति | हालसम्मको खर्च | भौतिक प्रगति |
|---|---|---|---|---|---|
| सोतिपसल पाण्डेगाँउ जिताको सडक स्तरोन्नती | १६९८२२७७ | २०७८।१०।२३ | २०८१।२।२५ | ३९५९२५९ | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| चर्दी खोला मोटरेवल पुल | २२५४१७०७ | २०७८।१०।२२ | २०८०।१०।२२ | १३२००००० | ५२ |
| भोर्लेटार बाङ्ग्रेवेशी सडक | २६९९७५६० | २०७८।१०।२३ | २०८०।४।२३ | २६९००० | १०० |
| जितावेशी वडा पालिका सडक | १६९२४०००० | २०७८।११।२६ | २०८०।११।२५ | १३०८३०००० | ८५ |
| प्रशासकीय भवन निर्माण | ४२९३७५७८ | २०७७।९।२५ | २०८०।९।२९ | २९१४६००० | ८० |
| मादीपुल राम वजार लक्ष्मीवजार सडक | २८०६४०००० | २०७८।११।२६ | २०८०।११।२५ | १९९००००० | ८५ |
| १५ शैया अस्पताल | १२०७४६५५९ | २०७८।२।२५ | २०८०।१२।२५ | ८९८०४१८७ | ८० |
| मिदिमखोला तटवन्धन | ४०५००३२ | २०७९।९।२९ | २०८०।२।१५ | ४०४०३८० | १०० |
| मादीनदी नियन्त्रण तथा करिडोर निर्माण | ७६२०७०८ | २०७९।९।२९ | २०८०।३।१५ | १२५०००० | १० |
| बाङ्ग्रे स्वास्थ्य चौकी | १३९७५१५६ | २०८०।२।२३ | २०८१।८।२२ | ५१७२०८० | ५० |

माथि उल्लेखित ठेक्कामध्ये २ वटा ठेक्का सम्पन्न भएको देखियो भने अन्य ठेक्काको समेत म्याद समाप्त भैसकेको र केही ठेक्का समेत तोकिएको अवधिमा सम्पन्न हुने अवस्था देखिदैन। पालिकाले माथि उल्लेखित ठेक्का समयमै सम्पन्न गर्न पहल गर्नुपर्दछ।

६ **ट्याक कोटमा बढी भुक्तानी -** भौतिक पुर्वाधार तथा यातायात मन्त्रालय अन्तर्गतको सडक विभागले जारी गरेको सडक तथा पुल निर्माण कार्यको स्टण्डर्ड स्पेशिफिकेशन २०७३ को टेवल नं १३.१० मा ट्याककोट प्रति बर्ग मिटर ०.४० देखि ०.६० लिटर सम्म छर्ने मिल्ने उल्लेख गरेको छ। पालिकाले ठेक्का न. 2MNM/W/NCB/2078-79 बाट ऋषिशक्ति/पराजुली जे.भी. सँग मिति २०७८।१०।२३ रु. २६९९७५६० मा २०८०।०४।१३ भित्र भोर्लेटार बाग्रेबेसी मोटरबाटोको काम सम्पन्न गर्ने गरी सम्झौता गरेको देखिन्छ। पालिकाले सडक विभागको स्पेशिफिकेशन भन्दा बढी दरले ट्याककोट छर्की भुक्तानी दिएकोले बढी भुक्तानी भएको रकम रु. १०८४१०२ असुल गरी दाखिला गर्नुपर्ने रु.

| योजनाको नाम | भुक्तानी परिमाण | हुनुपर्ने परिमाण | फरक परिमाण | भुक्तानी दर | रकम |
|---|---|---|---|---|---|
| भोर्लेटार बाग्रेबेसी मोटरबाटोको | १६१३२.५ | ६४५३.५ | २५७.४१ | ११० | ७०९८३० |

| | | | | | |
|---|---|---|---|---|---|
| जितावेशी वडा पालिका मोटरबाटो कालोपत्रे | ७७९८.५ | ४६७९.१ | ३११९.४ | ८० | २४९५५२ |
| जम्मा | | | | | ९५९३८२ |
| मुल्य अभिबृद्धि कर | | | | | १२४७२० |
| कुल जम्मा | | | | | १०८४१०२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,८४,१०२ |

७ **सम्झौता वेगर भुक्तानी -** पालिकाले कार्यक्रम संचालन गर्दा लागत अनुमान तयार गर्ने र सोही लागत अनुमान र सम्झौता वमोजिम खर्चको भुक्तानी गर्नुपर्दछ।तर पालिकाले भौचर नं ५८४।२०८०।३।२४ बाट आय आर्जन कार्यक्रम अन्तर्गत वडा नं ५ वालकन्या आमा समुहका ९ जना कृषकलाई मौरीको घार वितरण गर्दा लागत अनुमान र सम्झौता गराएर मात्र वितरण गर्नुपर्नेमा सो लागत अनुमान र सम्झौता नगराई मौरीको घार वितरण गरेको देखियो।यसरी कानून वितरित गरेको खर्चलाई नियमित मान्न नसकिएको रकम रु

| | |
|---|---|
| अनियमित भएको | १,००,००० |

८ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(१) मा सार्वजनिक निकायले खरिद कार्य गर्दा खरिद मुल्यको आधारमा अपनाउने खरिद विधिको उल्लेख गरेको छ। सार्वजनिक खरिद ऐन २०६३ को दफा ८(२) बमोजिम खरिद गर्दा प्रतिष्पर्धा सिमित हुने गरी टुक्रा पारी खरिद गर्न नहुने व्यवस्था रहेको छ। पालिकाले वार्षिक खरिद योजना बनाई वार्षिक खरिद योजना अनुसार एकै प्रकृतीको समाग्री खरिद गर्दा एकमुष्ट प्याकेज बनाएर सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ ले तोकेको खरिद विधी र पक्रिया पुरा गरी खरिद गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक देहाय बमोजिम खरिद गरी भुक्तानी गरेको छ। पालिकाले वार्षिक खरिद योजना बनाई प्रतिष्पर्धात्मक तरिकावाट खरिद गर्नुपर्नेमा प्रतिष्पर्धा वेगर सोझै खरिद गरेको रकम अनियमित देखिएको रु

| **भौचर। मिति** | **विवरण** | **फर्मको नाम** | **भुक्तानी रकम** |
|---|---|---|---|
| ६,२०७९।०५।३० | फर्निचर तथा फिक्चर्स खरिद | भुवन काष्ठ उद्योग | ६८४०० |
| १४,२०७९।०६।१० | फर्निचर तथा फिक्चर्स खरिद | ईलाइट इन्फोसिस | ३९८९८६ |
| ७५,२०७९।१२।०३ | फर्निचर तथा फिक्चर्स खरिद | ईलाइट इन्फोसिस | २१५६०० |

| | | | |
|---|---|---|---|
| ९०,२०७९।०७।२५ | फर्निचर तथा फिक्चर्स खरिद | बस्नेत फर्निचर घरेलु उद्योग | ५८४७० |
| १३९,२०७९।०८।२६ | फर्निचर तथा फिक्चर्स खरिद | भुवन काष्ठ उद्योग | ४८००२ |
| १७२,२०८०।०३।०७ | फर्निचर तथा फिक्चर्स खरिद | सिटिजन फर्निचर ट्रेड लिङक प्रा.लि. | ४९९९१२ |
| १७३,२०८०।०३।०७ | फर्निचर तथा फिक्चर्स खरिद | युवा ट्रेड सप्लायर्स | १५८२०० |
| २१६,२०८०।०३।२१ | फर्निचर तथा फिक्चर्स खरिद | स्याङजाली फर्निचर एण्ड सप्लायर्स | ६८८७८० |
| ५४३,२०८०।०३।२० | फर्निचर तथा फिक्चर्स खरिद | स्याङजाली फर्निचर एण्ड सप्लायर्स | ९२८३० |
| जम्मा | | | २२२९१८० |

| | |
|---|---|
| अनियमित भएको | २२,२९,१८० |

९ **फोटोकपी विलको आधारमा भुक्तानी -** मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ वमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसंग तोकिएको ढाँचाको कर विजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले तपशिलका गो भौ न. बाट फोटोकपी विलका आधारमा भुक्तानी गरेको पाइएकोले सक्कल विल पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| गो भौ नं।मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ७।२०७९।५।३० | गत वर्षको भुक्तानी बाँकी मेशिन औजार मर्मत | Asia Automobiles | ७५०३८ |
| ३७७।२०८०।१।६ | पत्रपत्रिका छपाई तथा सूचना प्रशासन | आर आर मिडिया सर्भिस | ५६९५२ |
| ५१५।२०८०।३।१२ | Payroll Software खरिद | Governance Automation Solution Pvt. Ltd. | ६०००० |
| जम्मा | | | १९१९९० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,९९० |

१० **कृषि पशु अनुदान -** सरकारी अनुदान रकमको सदुपयोग सहि एवं समुचित तरिकाले गरी खर्चको सार्वजनिकीकरण एवं अनुगमन हुनुपर्दछ। अनुदानको प्रभावकारीता मापन गर्ने संयन्त्र विकास गरी उत्पादान तथा उत्पादकत्वमा वृद्धि आए नआएको सम्वन्धमा प्रतिवेदन वनाउनु पर्दछ। अनुदानको प्रभावकारी ढंगले अनुगमन गर्नुपर्दछ। अनुगमन (संघ, प्रदेश र स्थानीय तह) गरे नगरेको एकिन गरी लिखित प्रतिवेदन तयार गर्नुपर्ने देखिन्छ। स्थानीय तहले साना साना कार्यक्रम वनाई वितरण गरेको केही नमुना परीक्षण गर्दा तपशिल वमोजिमका कृषक समुह तथा व्यक्तिलाई वितरण गरेको अनुदान वितरण पश्चात कार्यक्रमको उद्देश्य अनुरुप सदुपयोग भएको छ छैन एकिन गर्न सक्ने गरी अनुगमन मूल्याङ्कन नभएकोले प्रभावकारी रुपमा प्रयोग हुने विषयमा आश्वस्त हुने आधार देखिदैन। यो बर्ष वितरण गरेका कार्यक्रम देहाय अनुसार छनः

| **गो भौ नं।मिति** | **कार्यक्रमको नाम** | **वितरण गरेको समुह तथा संस्था** | **अनुदान प्रतिशत** | **अनुदान रकम** |
|---|---|---|---|---|
| १९०।२०८०।२।२९ | तेलहन वाली प्रवर्द्धन सिंचाई कुलो निर्माण वडा नं ४ | नाग भैरव बहुउद्देश्यिय सहकारी संस्था | ८५ | ७५००० |
| | धानको विउ ९६७५ के जी | नाग भैरव बहुउद्देश्यिय सहकारी संस्था | ५० | २९१४६२ |
| १९९।२०८०।३।४ | डिही सिंचाई वडा नं ४ | मध्य विन्दु कृषि सहकारी | ८५ | ७५००० |
| २००।२०८०।३।४ | कुलो निर्माण | नमुना कृषक समुह | ८५ | ७५००० |
| २०५।२०८०।३।७ | पाँडे खोला कुलो सिंचाई | कुमाल कृषक समुह | ८५ | ७५००० |
| २०८।२०८०।३।८ | वडा नं ४ को सिंचाई कुलो निर्माण | साना किसान कृषि सहकारी | ८५ | ७५००० |
| २१२।२०८०।३।१३ | वडा नं ४ को सिंचाई कुलो निर्माण | दिदी वहिनी पशुपालन कृषक समुह | ८५ | ७५००० |
| २२३।२०८०।३।१४ | वडा नं ४, ६ र ८ | मिनिटिलर ३, कम्वाईन मेशिन ४ र स्प्रेयर १२० वटा | ५० | ३१२००० |
| २४३।२०८०।३।१९ | वडा नं भकारो सुधार | २० वटा भकारो | ५० | १६०००० |
| | | मिनिटिलर ५ वटा | ५० | १७०००० |
| | | कम्वाईन मिल ३ वटा | ५० | ६२५०० |
| | | स्प्रेयर २५ वटा | ५० | २५००० |
| २४४।२०८०।३।१९ | वडा नं ३ सिंचाई कुलो निर्माण | नारा भैरव वहुउद्देश्यिय सहकारी संस्था | ८५ | ७५००० |

| | | | | |
|---|---|---|---|---|
| २४५।२०८०।३।१९ | टुल्स खरिद वडा नं ३ | मिनिटिलर २, कम्वाईन मिल ३ र कम्प्रेसर मेशिन २० | ५० | १४५००० |
| २४६।२०८०।३।१९ | वडा नं ७ मौरी पकेट कार्यक्रम | मौरी गोला सहितको घार १०८ र अन्य सामान | ५० | ५६२५१८ |
| २४८।२०८०।३।२० | मौरी पालन वडा नं ४ | १०५ गोला सहितको घार र खाली घार समेत | ५० | ५६६२८० |
| २४९।२०८०।३।२० | धान वाली प्रवर्द्धन कार्यक्रम वडा नं १० | स्प्रेयर २५, पावर टिलर ७.५ हर्स पावर ६ र कम्वाइन मिल १४ वटा | ५० | ५८६००० |
| जम्मा | | | | ३४०५७६० |

११ **फिल्ड भत्ता -** नेपाल सरकारले मिति २०७६।४।१ देखि लागु हुने गरी संघ प्रदेश र स्थानीय तहका कर्मचारीहरुको तलव भत्ता सम्वन्धी व्यवस्था गरेको छ। अर्थ मन्त्रालयबाट प्रकाशित तलवमान सम्वन्धी सूचनामा स्थानीय तहमा कार्यरत कर्मचारीलाई थप फिल्ड भत्ताको व्यवस्था गरेको देखिदैन। पालिकाले निम्न अनुसारका कर्मचारीलाई फिल्ड भत्ता वापत रु ६०४००० भुक्तानी गरेको देखिन्छ। फिल्डमा काम गरेको हाजिरी अभिलेख समेत संलग्न नगरी निम्न अनुसार रकम भुक्तानी गरेकोले उक्त रकम भुक्तानी लिन पाउने आधार प्रमाण पेश गर्नुपर्ने रु

| कर्मचारीको नाम र पद | फिल्ड भत्ता रकम |
|---|---|
| इन्जिनियर उत्तम सुवेदी | ६४००० |
| सव इन्जिनियर ठाकुर कृष्ण घिमिरे | ८४००० |
| सव इन्जिनियर विद्या रेग्मी | ८४००० |
| सव इन्जिनियर सुधा थापा | ८४००० |
| अ स इ विज्ञान रानाभाट | ७२००० |
| अ स इ राजिव वाग्ले | ७२००० |
| अमिन आकाश अधिकारी | ७२००० |
| खा पा स टे मणिराम पोखरेल | ७२००० |
| जम्मा | ६०४००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ६,०४,००० |

१२ **खर्च प्रयोजन -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ।पालिकाले भौ नं १०७।२०७९।११।१८ बाट स्वास्थ्य संस्थामा कार्यरत ७ जना कर्मचारीलाई रिचार्ज खर्च उल्लेख गरी रु १०७००० खर्च गरेकोमा कर्मचारीलाई रिचार्ज कार्ड खर्च गर्न मिल्ने आधार प्रमाण पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०७,००० |

१३ **खर्चको आधार पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम खर्चको आधार र प्रमाण सहित लेखा राखुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं १३।०७९।५।३० बाट गत आ.व. को विजुलीको विल भुक्तानी वापत पश्चिम लमजुङ विद्युत उपभोक्ता समितिलाई लाई रु १०८५४१.५ भुक्तानी भएकोमा खर्चको विल भरपाई तथा अन्य आधार प्रमाण समेत नभएकाले खर्चको प्रमाण पेश गर्ने अन्यथा असुल गर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,०८,५४२ |

१४ **स्वास्थ्य सस्थाको आम्दानी पालिकामा प्राप्त नभएको -** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(झ) मा पालिकाको काम कर्तव्य तथा अधिकारको व्यवस्था गरिएअनुसार आधारभुत स्वास्थ्य सरसफाई तथा अस्पताल सम्वन्धी नीति कानुन मापदण्ड योजनाको तर्जुमा तथा कार्यान्वयन र अस्पताल र अन्य स्वास्थ्य सस्थाको स्थापना र सञ्चालन गर्न सक्ने व्यवस्था गरिएको छ।पालिकाले विभिन्न भौचरबाट पालिकाको मातहतमा रहेका विभिन्न ३ वटा ल्याव संचालन गर्नका लागि अनुदान उपलव्ध गराएकोमा उक्त सस्थाहरुवाट भएको आम्दानी तथा खर्चको वारेमा पालिकामा विवरण पेश भएको छैन ।स्वास्थ्य सस्थामा जनशक्ति औषधी लागयतका अन्य खर्च पालिकावाट गरिदै आएता पनि आ व २०७९।८० मा उक्त स्वास्थ्य सस्थामा भएको आम्दानी पालिकामा दाखिला नगरी छुट्टै समिती गठन गरी खर्च गरिदै आएको जानाकारी छलफलको क्रममा प्राप्त भएको छ। पालिकाले समिती गठन आदेश सम्वन्धी कानुन निर्माण समेत गरेको देखिएन ।पालिकाले स्वास्थ्य सस्थाको खर्च पालिकावाट गरेपश्चात सोवाट प्राप्त भएको सम्पुर्ण आम्दानी पालिकाको राजस्व खातामा दाखिला गराई सोको लेखापरीक्षण गराउनुपर्नेमा आय व्ययको विवरण पेश भएको छैन।विवरण पेश गरी लेखापरीक्षण गराउनु पर्दछ।

१५ **हेभी इक्विपमेण्टको प्रयोग -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ। पालिकाले उपभोक्ता समिति मार्फत गरेका कार्यहरु मध्ये अधिकांश कार्य मोटरबाटो निर्माण गर्ने, स्तरोन्नती गर्ने, रिटेनिगं वाल लगाउने, खेलमैदान निर्माण, भवनहरु निर्माण आदि कार्यसंग सम्वन्धित रहेका छन् । प्राय सबैजसो कार्यहरुमा डोजर, लोडर, एक्साभेटर आदि जस्ता हेभि मेशिनहरु प्रयोग गरी कार्य गराएको व्यहोरा खर्चका बिल भर्पाइबाट देखिछ। धेरैजसो निर्माण कार्यहरु उपभोक्ता वा लाभग्राही समुदाय आफुले नगरी तेश्रो पक्षबाट कार्य गराएको देखियो। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनांका उपभोक्ता समितिहरुले हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था

बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई कार्यपालिकाको वैठकबाट सहमति लिएको पाइएन। नियमाबलीको व्यबस्था अनुरुप कार्य गराउनुपर्दछ। उदाहरण देहाय अनुसार छनः

| **भौ नं** | **निर्माण योजना** | **मेसिन प्रयोग** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २६ | दशै सडक सरसफाई मर्मत उ.स. | हिरो कन्स्ट्रक्सन प्रा.लि. | ३००००० |
| ८२ | वडा ८ भित्रका सम्पूर्ण बाटो मर्मत | शुभारम्भ मालिका देवी कन्स्ट्रक्सन प्रा.लि | १९८०२० |
| ११८ | कुमाल समाज भवनदेखि बाङ्गे रह मोटरबाटो उ.स. | पुम्दी हिल कन्स्ट्रक्सन एण्ड सप्लायर्स | १३९४१७ |
| १५१ | नाग भैरव मोटरबाटो उ.स. | प्रसाद एण्ड सन विल्डर्स प्रा.लि. | १९७२७९ |
| १५८ | सम्पूर्ण मोटरबाटो मर्मत | दिप कन्स्ट्रक्सन | १९६४४५ |
| १७७ | सडक मर्मत तथा निर्माण उ.स. | शिसम कन्स्ट्रक्सन | १९६६४१ |
| १९४ | वडा १० सम्पूर्ण सडक मर्मत उ.स. | पि एस लमजुङ कन्स्ट्रक्सन | ३००००० |
| १९६ | धार्दी तामाखानी जाने मोटरबाटो मर्मत उ.स. | एस के एस कन्स्ट्रक्सन | १७७९३५ |
| १९७ | जल्पादेवी मार्ग मर्मत | मिलिजुली सप्लार्यस | १९७०६२ |
| २०७ | सम्पूर्ण बाटो मर्मत | सागर कन्स्ट्रक्सन | १९६३०० |

१६ **योजना छनौट-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभपुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई उल्लेखनीय प्राथमिकता दिएको देखिएन । तसर्थ स्थानीयस्तरको विकासका लागि ऐनमा भएको व्यवस्थालाई ध्यान दिई योजना छनौट गर्नुपर्दछ।

१७ **पूँजीगतबाट चालु प्रकृतिको खर्च-** एकिकृत आर्थिक संकेत तथा वर्गिकरण र व्याख्या,२०७४मा पूँजिगत शिर्षकमा विनियोजन वजेटवाट चालु खर्च गर्न नपाउने उल्लेख छ। चालु प्रकृतिको खर्च पुँजीगत वजेटमा समावेश गरी वजेट खर्च लेख्नु नियम सम्मत मानिदैन। यस पालिकाले तपशिल बमोजिमका विविध खर्च, शिक्षक तलव भत्ता, अभिमुखिकरण कार्यक्रम संचालन लगायतका कार्य चालु प्रकृतिका खर्च पूँजीगत बजेटमा समावेश गरीएको तथा कार्यक्रमको उद्येश्य विपरित खर्च गरेको छ। यसरी चालु प्रकृतिको खर्च पूँजिगत शीर्षकबाट गर्नु वित्तीय अनुशासनको उल्लङ्घन हो। यसमा पालिकाले सुधार गर्नुपर्दछ।

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| १५५ | पशुरोग महामारी लम्पीस्किन रोग नियन्त्रण | गाई गोरु खोप कार्यक्रम | ९८६०० |
| १९२ | जुनियर रेडक्रस जिल्लास्तरीय गोष्ठी संचालन | जिल्लास्तरीय गोष्ठी संचालन कुसुमाकर मावि | १५०००० |
| २३५ | फोहोरमैला व्यवस्थापन | डस्टविन वितरण | ५८९२९५ |
| जम्मा | | | ८३७८९५ |

१८ **नर्म्स भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। यस पालिकाले उपभोक्ता समितिबाट सम्पन्न गराएको उल्लेखित कामको जिल्ला दररेट भन्दा बढी दररेट कायम गरी लागत अनुमान तयार गर्नुका साथै सोहि बमोजिम मुल्याङ्कन एवं भुक्तानी गरेको छ। यसरी बढी दररेटको आधारमा मुल्याङ्कन गरी भुक्तानी गर्दा उपभोक्ता समितिलाई बढि भुक्तानी भएकोले बढी भुक्तानी भएको रकम रु. ६५६६९२ असुल गरी दाखिला गर्नुपर्ने रु.

| भौ न | निर्माण योजना | कामको विवरण | परिमाण | मुल्याङ्कन दर | हुनुपर्ने दर | फरक दर | बढि भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| ४६ | भोर्लेटार बाग्रेबेसी हाडीखोला सडक स्तरोन्नति | पिसिसि १:३:६ | ११.२५ | ११७७८ | ९३६९ | २४०९ | २७१०१ |
| | | पिसिसि १:२:४ | ४२.४ | १३६६९ | १०९७७ | २६९२ | ११४१४० |
| ४७ | चितेपानी ठुन्केगरा स्तरोन्नति उ.स. | पिसिसि १:२:४ | ७०.५ | १३४०० | १०७०८ | २६९२ | १८९७८६ |
| | | पिसिसि १:३:६ | ९ घमि | १११४८ | ८७३९ | २४०९ | २१६८१ |
| ४८ | इनारदेखि श्री बालकल्याण मावि सम्म बाटो मर्मत उ.स. | पिसिसि १:३:६ | १९.३६ | ११७१६ | ९३०७ | २४०९ | ४८६३८ |
| | | पिसिसि १:२:४ | ५८.०९ | १३५७८ | १०८८६ | २६९२ | १५६३७८ |
| १११ | साहुडिही मोटरबाटो उ.स. | पिसिसि १:२:४ | १५ | १३४५८ | १०७६६ | २६९२ | ४०३८० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३२ | कल्याण कुरापु मोटरबाटो उ.स. | पिसिसि १:२:४ | ३६.३ | १२६१६ | ११००२ | १६१४ | ५८५८८ |
| जम्मा | | | | | | | ६५६६९२ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,५६,६९२ |

१९ **फरक नम्स प्रयोग गरी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० मा सार्वजनिक निकायले लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स र जिल्ला दररेट निर्धारण समितिले तय गरेको दररेटको आधारमा लागत अनुमान तयार गर्नुपर्ने उल्लेख छ। पालिकाले देहाय बमोजिमका योजनामा नरम माटो खन्न ०.७ म्यानडेको दर विश्लेषण गरी भुक्तानी गर्नुपर्नेमा १ म्यानडेज राखी दर विश्लेषण गरी सोही दर रेटमा भुक्तानी गरेको देखिन्छ। यसरी फरक नम्सको प्रयोग गरी बढी भुक्तानी भएको रकम रु.

| **भौ.न.** | **योजनाको नाम** | **परिमाण** | **भुक्तानी गरेको दर** | **भुक्तानी गर्नुपर्ने दर** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|
| १९९ | आहाले खानेपानी मर्मत उ.स. | ५२.५० | १०६६.२५ | ९२२.२६ | ७५६० |
| २०९ | हाडीखोला पारिभित्ता मन्दिर | ६.८९ | ८७८.५९ | ६१५.०१ | १८१५ |
| २१० | हाडीखोला युवा क्लब शौचालय निर्माण | १२.२३ | ८७८.५९ | ६१५.०१ | ३२२० |
| २२७ | विपि स्मृति भवन निर्माण उ.स. | २९.१७ | ८७८.५९ | ६१५.०१ | ७६८८ |
| जम्मा | | | | | २०२८३ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २०,२८३ |

२० **नापी भन्दा बढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३ मा खरिद संझौता अनुसार सार्वजनिक निकायले बिल वा बिजकको भुक्तानी गर्दा शर्त बमोजिम प्राविधिक नाँपजाच गरी भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ। पालिकाले भौ.न. ११९,२०८०।०२।०४ बाट वेसी बरदानफाँट खानेपानी योजनाको योजनामा पिसिसि १:२:४ को काममा १.६७ घनमिटरको भुक्तानी दिनुपर्नेमा ७.४३ घनमीटरको भुक्तानी दिएकोले बढी परिमाण ५.७६ घनमीटरको रु. १२५२७ का दरले रु. ७२१५५ सम्बन्धितबाट असुल गरी दाखिला गर्नुपर्ने रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,१५५ |

२१ **अधुरो योजना -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाको भौतिक र वित्तीय पक्षको सामूहिक समिक्षा गर्नुपर्ने र त्यसरी गरिने समिक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारवाहीको व्यवस्था गरेको छ। पालिकावाट यो बर्ष ठेक्का नं 2/MUN/W/2079-80 तटवन्ध निर्माण मादी नदीमा गर्ने प्रयोजनको लागि वडा नं २, ४ र ७ मा रु ७६२०७०८.२० मूल्य अभिवृद्धि कर समेतमा निर्माण गर्न निर्माण व्यवसायी भद्रकाली इन्जिनियरिङ एण्ड विल्डर्ससंग २०८०।२।१५ भित्र सम्पन्न गर्ने गरी २०७९।९।२९ मा सम्झौता भएको थियो। उक्त निर्माण व्यवसायिलाई रु ६७४००० मोविलाईजेशन पेश्की उपलव्ध गराएकोमा नगर उपप्रमुख तथा नगर स्तरिय अनुगमन समितिले काम नभएको तथा नगरेकोले अगाडी लगेको पेश्की फछ्यौंट मात्र गर्ने भन्ने उल्लेख गरेकोमा २०८०।२।१० मा प्रथम रनिङ विलको मूल्याङ्कन गरी रु ११७५७५३.८५ को विल पेश भएकोमा पेश्की लगेको रकम रु ६७४००० फछ्यौंट गरी अग्रिम कर र मूल्य अभिवृद्धि कर खर्च समेत रु ७३०१८६ भुक्तानी गरेको छ। अनुगमन समितिले दिएको प्रतिवेदन अनुसार रु ५६१८६ वढी खर्च लेखेको देखिन्छ। वढी खर्च लेखेकोमा निजले राखेको कार्यसम्पादन जमानतबाट असुल गर्नुपर्ने देखिन्छ। यसरी सम्झौता गरी सम्पन्न नगरी विचमै अलपत्र परी रु ७३०१८६ खर्च गरी ठेक्का अधुरो रहेको र राज्यको समेत हानी भएको देखिंदा निर्माण व्यवसायिसंग असुल गरी दाखिला गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,१८६ |

२२ **नमुना विद्यालयतर्फ -** शिक्षा तथा मानव विकास केन्द्रबाट नमूना विद्यालयको गुरुयोजना स्थानीय तहबाट स्वीकृत भई संचालनमा रहेको विद्यालयमा नमूना विद्यालय विकास तथा संचालन निर्देशिका २०७४ वमोजिम छनौट भएका प्र.अ. तथा माद्यमिक तहका विषयगत शिक्षकले गुरुयोजना कार्यक्रम गर्न मंगला माध्यमिक विद्यालय सोतीपसल लमजुङलाई रु ३००००० उपलव्ध गराएकोमा सो सम्वन्धमा देखिएका व्यहोरा देहाय अनुसार छनः

२२.१ कक्षा १-१० सम्मका विद्यार्थीलाई उपचारात्मक शिक्षण गरेको उल्लेख गरी २४ जना शिक्षकलाई रु २००००० भुक्तानी गरेकोमा कक्षा संचालन गरेको अभिलेख देखिने गरी विवरण नराखेकोले प्रोत्साहन अनुदान उपलव्ध गराएको रकम एकिन गर्न सकिएन रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

२२.२ जिन्सी दाखिला - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम १०० मा जिन्सी सामाग्रीको परिमाण र मूल्य खुलाई दाखिला गर्नुपर्ने व्यवस्था रहेकोमा विद्यालयले मूल जिन्सी खातामा जिन्सी दाखिला गरेको प्रमाण कागजात पेश गर्नुपर्ने रु

| **क्र सं** | **सामानको नाम** | **रकम** |
|---|---|---|
| १ | फर्निचर खरिद | १०००० |
| २ | उत्तरपुस्तिका प्रिन्ट | ७०००० |
| ३ | सफ्टवेयर खरिद | ५०००० |
| ४ | मसलन्द खरिद | ११८४८ |

| | | |
|---|---|---|
| ५ | आइसिटी ल्याव सामाग्री | ९२७००० |
| ६ | पुस्तकालय व्यवस्थापन | ४३६१८ |
| ७ | जेनेरेटर खरिद | ५५३७० |
| ८ | किताव तथा कापी खरिद | १४६२५७ |
| ९ | ल्याव निर्माण | ६२६४१ |
| १० | स्पिकर | ४०८१७ |
| जम्मा | | १४१७५६८ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १४,१७,५८६ |

२२.३ कार्यसम्पादन सम्झौता पत्रमा देहायका विषयमा देखिएका थप व्यहोराहरुः

• पालिकाबाट विद्यालयका प्रधानाध्यापक र शिक्षकहरुको कार्य सम्पादन प्रगति अनुगमन गरेको प्रतिवेदन पेश नभएको

• पालिकाबाट न्यूनतम शर्त तथा कार्यविवरण अनुसार कार्य सम्पादन अनुसार नियमित अनुगमन तथा सहजिकरण गरेको प्रतिवेदन पेश नभएको

• विद्यालयका प्रधानाध्यापकले नमुना विद्यालय विकास एवं संचालन निर्देशिका २०७४ वमोजिम गुरुयोजना कार्यान्वयन गरेको नदेखिएको

• विद्यालय सुधार योजना अनुसार विद्यालयको तथ्याङ्क व्यवस्थित र अद्यावधिक गरेको प्रतिवेदन नगरपालिकामा पठाउनु पर्नेमा नपठाएको

• विद्यालयले प्रत्येक शिक्षकको आफ्नो विषयको शिक्षण सुधार योजना निर्माण गरेको र उक्त योजनामा आधार वर्षको उपलव्धी र लक्ष्य किटानी गरेको विवरण नगरपालिकामा पेश नगरेको

• विद्यालयको कार्य प्रगतिको जानकारी नगरपालिकामा पठाउनु पर्नेमा नपठाएको।

२३ **पाठ्यपुस्तक -** कार्यक्रम कार्यान्वयन पुस्तिका २०७९।८० को कृयाकलाप नम्वर २.४.६.१ मा सार्वजनिक विद्यालयको विध्यार्थीको लागि निशुल्क पाठ्यपुस्तक अनुदान इमिस (IEMIS) मा प्रविष्टि तथ्याङ्कलाई स्थानीय तह अन्तर्गत संचालित सामुदायिक विद्यालयमा कक्षा १ देखि १२ कक्षा सम्मको यथार्थ तथ्याङ्कसंग सत्यपान गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या एकिन गर्नुपर्ने व्यवस्था छ। पालिका अन्तर्गत संचालित निम्न अनुसार विद्यालयमा इमिस (IEMIS) मा रहेको तथ्याङ्क भन्दा वढी विद्यार्थीलाई विद्यालयमा रकम पठाएको देखिएकोले विवरण पेश हुन आएकोले वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| विद्यालयको नाम | कक्षा | विद्यार्थी संख्या | भुक्तानी संख्या | वढी भुक्तानी संख्या | रकम |
|---|---|---|---|---|---|
| इशानेश्वर मा वि | ४ | २१ | ३२ | ११ | ६६३०.८० |
| | ५ | ३२ | ३५ | ३ | १९२०.६ |
| | ७ | ५९ | ६६ | ७ | ५२६६.८ |
| | ८ | ६४ | ७२ | ८ | ७१०१.६ |
| | ९ | ६९ | ८३ | १४ | १०८४१.६ |
| | १० | ६४ | ६८ | ४ | ३६७८.४ |
| सिद्ध प्रा वि | १ | १७ | २१ | ४ | २०८३.२ |
| | ४ | १० | १६ | ६ | ३६१६.८ |
| कुश्माकर मा वि | ३ | २७ | ३८ | ११ | ६३८८.८ |
| | ६ | ५० | ६५ | १५ | १०६९२ |
| | ७ | ५४ | ६५ | ११ | ८२७६.४ |
| | ८ | ५४ | ६२ | ८ | ७१०१.६ |
| भैरवकाली मा वि | २ | ३२ | ३७ | ५ | २७८४ |
| | ३ | ३३ | ५१ | १८ | १०५५४ |
| | ६ | ५१ | ६० | ९ | ६४१५ |
| | ७ | ७१ | ७९ | ८ | ६०१९ |
| | ८ | ७१ | ९९ | २८ | २५८५६ |
| सुर्य ज्योती | १ | | ४ | ४ | २०८३ |
| | ७ | ६ | १२ | ६ | ७१८८ |
| | ९ | ८ | १३ | ५ | ३८७२ |
| | १० | १२ | १९ | ७ | ६४३७ |
| मंगला मा वि | ५ | ४९ | ६० | ११ | ७०४० |
| | १० | ७८ | ७० | ८ | ७३५७ |
| गणेश मालिका मा वि | ८ | १५ | २१ | ६ | ५३२६ |

| | |
|---|---|
| जम्मा | १६४५२९.<br>६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,६४,५२९.६ |

२४ **वढी भुक्तानी -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा सार्वजनिक निकायले स्वीकृत नम्सको आधारमा निर्माण कार्यको लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको नियम ९७ को उपनियम ६ मा उपभोक्ता समितिले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन विल भरपाई र खर्च प्रमाणित गर्नुपर्ने अन्य कागजात सम्वन्धित पालिकामा पेश गर्नुपर्ने व्यवस्था छ। सार्वजनिक निकायले नियम १२३ वमोजिम भुक्तानी दिँदा वास्तविक खर्च मूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिलाई भुक्तानी गरेको तर खर्च पुष्टी हुने विल विजक परीक्षण गर्दा घटी दरमा सामाग्री खरिद गरेको देखिएकोले वढी भुक्तानी भएको रु

| विद्यालयको नाम | सामान को नाम | परिमाण | प्राप्त विल | दर विश्लेषण अनुसारको मूल्य | खरिद गरेको मूल्य | फरक | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|---|
| इशानेश्वर मा वि | इट्टा | ५१४३<br>७ | १८००० | १७ | १० | ७ | १२६००<br>० |
| | सिमेन्ट | ६०८ | ६०८ | ९३८ | ७५० | १८८ | ११४३०<br>४ |
| मंगला मा वि सोतिपसल | इट्टा | ३२१२<br>७ | ३२२५० | १७ | १६ | १ | ११४३०<br>४ |
| | सिमेन्ट | ३५४ | ३४४ | ९३८ | ७५० | १८८ | ६४६७२ |
| जम्मा | | | | | | | ४१९२८<br>० |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,१९,२८० |

२५ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल भरपाई प्रमाण कागजात संलग्न गर्नुपर्ने व्यवस्था छ। सोही नियमावलीको उपनियम १० मा जिम्मेवार व्यक्तिले सरकारी रकमको खर्च लेख्नु अगाडी त्यस्तो रकम खर्च गर्न रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पालिकाले विद्यालय भवन निर्माण गर्नका लागि इट्टा तथा सिमेन्ट प्रयोग गर्दा नम्स अनुसार प्रयोग हुनुपर्नेमा विद्यालयले पेश गरेको विवरण अनुसार खरिद गरेको देखिएकोले स्वीकृत नम्समा उल्लेख भए अनुसार इट्टा तथा सिमेन्ट प्रयोग गरेको नदेखिएकोले विल भरपाई भन्दा वढी मूल्याङ्कन गर्नु नियम सम्मत भएको नदेखिएको रु

| विद्यालयको नाम | सामानको नाम | नर्म्स अनुसार प्रयोग | विल प्राप्त | नपुग विल | रकम |
|---|---|---|---|---|---|
| इशानेश्वर मा वि | इट्टा | २१४३७ | १८००० | ३४३७ वटा | ५८४२९ |
| मंगला मा वि सोतिपसल | सिमेन्ट | ३५४ | ३४४ | १० | ९३७० |
| जम्मा | | | | | ६७७९९ |

| | |
|---|---|
| अनियमित भएको | ६७,७९९ |

२६ **वढी भुक्तानी -** सम्झौतामा उल्लेख भए अनुसार शर्त कार्यान्वयन हुनुपर्दछ। पालिकाले भौ नं ४५।२०८०।३।२३ बाट राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत इशानेश्वर माध्यामिक विद्यालयको तला थप (४ कोठे भवन निर्माण) गर्न लागत अनुमान रु ५३९२६८९.६७ मध्ये नगरपालिकाबाट रु ४८५०००० र उपभोक्ता (विद्यालय व्यवस्थापन) समितिबाट रु ५४२६८९.६७ व्यहोर्ने गरी सम्झौता भएको थियो। उक्त विद्यालयको भवन निर्माण गरी कार्य मूल्याङ्कन गर्दा रु ५२९७५७० भएको देखियो। सम्झौतामा उल्लेख भए अनुसारको जनसहभागिताको अंश १० प्रतिशत रहेकोले जनसहभागिताको अंश रु ५२९७५७ कट्टा गरी बाँकी रु ४७६७८१३ भुक्तानी दिनु पर्नेमा रु २९७७५० मात्र जनसहभागिता कट्टा गरी रु ५०००००० भुक्तानी दिएकोले सम्झौतामा उल्लेख भए अनुसार विद्यालयको जनश्रमदान कम देखिएकोले वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३२,१८७ |

२७ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) अनुसार सरकारी रकम खर्च गर्दा विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। पालिकाले गो भौ नं ९।२०७९।६।६ बाट कल्याण माद्यामिक विद्यालयलाई प्रथम चौमासिक अवधिको तलव भत्ता भुक्तानी गर्दा रु १५८५०९४ भुक्तानी गर्नुपर्नेमा रु १७२३६५६ भुक्तानी गरेकोले वढी भुक्तानी भएको रु १३८५६२ त्यस्तै जनमन्दिर मा वि लाई रु २००० र भैरवकाली मा वि लाई रु ११५८ समेत वढी भुक्तानी भएकोले असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १,४१,७२० |

२८ **आइ सि टि ल्याव -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११५ मा सामान आपूर्ति पश्चात परीक्षण गरी प्रतिवेदन गर्नुपर्ने व्यवस्था छ। पालिकाले आइ सि टि ल्यावको रकम विद्यालयलाई अनुदान दिएकोमा आइ सि टि ल्याव स्थापना भएको प्रमाण पेश भएको देखिएन। विद्यालयले खरिद गरेको वाल विकास कक्षा व्यवस्थापन, कम्प्यूटर उपकरण तथा सो सम्वन्धी सामाग्रीहरु तोकिएको स्पेशिफिकेशन वमोजिम प्राप्त भए नभएको सम्वन्धमा प्राविधिक प्रतिवेदन (Post Delivery Inspection PDI) पेश गरेको समेत देखिएन। यसबाट तोकिएको लक्ष्य तथा उद्देश्य हाँसिल भएको र तोकिएको प्राविधिक स्पेशिफिकेशन वमोजिमकै सामाग्री खरिद गरेको एकिन हुन नसकेकोले प्राविधिक प्रतिवेदन तथा जडान गरेको प्रतिवेदन पेश गर्नुपर्ने र उक्त सामाग्रीहरु विद्यालयले लुज सिटमा आम्दानी बाधेको देखिएकोले विद्यालयले विद्यालयको मुख्य जिन्सी खातामा जिन्सी आम्दानी बाँधेको प्रमाण कागजात पेश गर्नुपर्ने रु

| भौ नं ।मिति | विद्यालयको नाम | रकम |
|---|---|---|
| २९।२०८०।३।१८ | भैरवकाली मा वि | ६५०००० |
| | कुसुमाकर मा वि | ५१११९९ |
| | ससतारा मा वि | ५३५०५० |
| जम्मा | | १६९६२४९ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १६,९६,२४९ |

२९ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३०(५) अनुसार विल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ। विद्यालयमा अध्ययनरत कक्षा ९ देखि १२ सम्मका विध्यार्थी संख्या एकिन गरी शिक्षण सिकाई सामाग्री ल्याव असिशटेण्टका लागि पारिश्रमिक तथा प्रयोगात्मक सामाग्री व्यवस्थापन व्यवहारिक अभ्यासका लागि ओ जे टी मा सहभागी हुने विध्यार्थीलाई निर्वाह खर्च प्रति महिना रु १००० का दरले उपलव्ध गराउने व्यवस्था भए अनुसार इशानेश्वर मा वि लाई रु १३५२४५० उपलव्ध गराएको देखियो तर उक्त खर्च लेखापरीक्षणमा पेश हुन आएन। वितरण गरेको भरपाई पेश गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,५२,४५० |

३० **पालिका अनुदानबाट शिक्षकको तलब भत्ता -** अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ। पालिकाले स्वीकृत दरबन्दी वेगर पालिकावाट तलव भत्ता खाने गरी पालिकाभित्र देहायवमोजिम विद्यालयलाई निकासा दिई खर्च लेखेको देखिन्छ। पालिकाभित्रका विद्यालयलयको स्विकृत शिक्षक दरवन्दी पुर्ण रुपमा पदपुर्ती भई शिक्षकहरु कार्यरत रहेको अवस्थामा समेत वडा तथा नगरपालिका पालिकावाट निर्णय गरी वजेट विनियोजन तथा रकमान्तर गरी विद्यालयलाई विभिन्न शिर्षकमा अनुदान दिइएको देखिन्छ। अनुदान पश्चात सामुदायिक विद्यालयको भौतिक तथा शैक्षिक सुधारको सम्वन्धमा अनुगमन गरी सुधार नभएको विद्यालयलाई नगरपालिकाको आन्तरिक स्रोतको अनुदान निकासा नदिने वा रोक्का गर्ने सम्वन्धमा अनुगमन तथा मुल्यांकन भएको देखिदैन। पालिकाले सार्वजनिक स्रोतको खर्चपश्चात सोको प्रतिफलको अध्ययन गरेर मात्र अनुदान निकासा गर्नुपर्ने देखिन्छ। अनियमित देखिएको रु

| **क सं** | **भौचर नं। मिति** | **विवरण** | **निकासा रकम** |
|---|---|---|---|
| १ | १४५।२०७९।८।२८ | पालिकाका विभिन्न ७ वटा विद्यालय | ७२८६४० |
| २ | २८५।२०७९।११।१८ | विभिन्न प्रस्तावित माध्यमिक विद्यालय | ६५२६६० |
| **जम्मा** | | | १३८१३०० |

| | |
|---|---|
| अनियमित भएको | १३,८१,३०० |

३१ **खर्चको आधार पेश नभएको -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ बमोजिम खर्चको आधार र प्रमाण बमोजिम लेखा राखुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं ४८७ मिति २०८०।२।२९ बाट मध्यनेपाल नगरपालिका वहुप्राविधिक शिक्षालयलाई रु १२००००० अनुदान उपलब्ध गराएको देखियो। तर शिक्षालयको शिक्षक र विद्यार्थीको संख्या एकिन भएको छैन। शिक्षालयको आय तथा व्ययको विवरण तथा लेखापरीक्षण गरेको प्रतिवेदन लेखापरीक्षणमा पेश भएको छैन। साथै उक्त अनुदानको रकम कुन प्रयोजनका लागि खर्च भएको हो भन्ने एकिन हुन सक्ने आधार भेटिएन। तसर्थ खर्चको प्रमाण पेश गर्नुपर्ने रकम रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १२,००,००० |

३२ **भत्ता वितरण -** सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि २०७५ ले लाभग्राहीको नाम दर्ता र नविकरण लगत कट्टा तोकिएको मितिभित्रै परिचय पत्र अनिवार्य रुपमा नविकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक वर्ष लगत अद्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा संचालन गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टि गरी अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानीय निकायको हुने व्यवस्था छ। पालिकाका १० वडा मध्ये १, २ र ५ कुमारी बैंक दुईपिप्ले शाखा, ३ र ४ कामना सेवा विकास बैक दुईपिप्ले शाखा, ६ र १० प्राइप कमर्शियल बैंक भोर्लेटार शाखा, ७ र ८ ग्लोबल आइएमई बैक भोर्लेटार शाखाबाट सामाजिक सुरक्षा भत्ता वितरण गरेको छ।

३३ **मृत्यु पश्चात भत्ता भुक्तानी -** सामाजिक सुरक्षा नियमावली २०७६ को नियम १३ मा सामाजिक सुरक्षा भत्ता पाउने व्यक्तिको मृत्यु भएमा उक्त लाभग्राहीलाई भत्ता पाउने सूचीबाट हटाई मृत्यु भएको दिनदेखि भत्ता दिन रोक्नु पर्ने व्यवस्था छ। पालिकाले त्रैमासिक भत्ता वितरण गर्दा देहायको व्यक्तिको मृत्यु पश्चात पनि भत्ता निकासा गरेकोले उक्त सामाजिक सुरक्षा भत्ता सम्वन्धित व्यक्तिवाट असुल गरि संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु

| स.न. | वडा न. | लाभग्राहीको प्रकार | लाभग्राहीको नाम | नागरिकता न. | मृत्यु मिति | बढी बुझेको त्रैमासिक | बढी बुझेको रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २ | जेष्ठ नागरिक | धन बहादुर क्याउछा | ३६२६ | २०७९।०५।२७ | प्रथम त्रैमासिक | ४४०० |
| २ | २ | जेष्ठ नागरिक | कृष्ण बहादुर गुरुङ्ग | ८७५९ | २०८०।०२।२० | चौथो त्रैमासिक | ५३३० |
| ३ | २ | जेष्ठ नागरिक | कौशिला खनाल | ३२२५ | २०८०।०२।२१ | चौथो त्रैमासिक | ५१९७ |
| ४ | ३ | जेष्ठ नागरिक | पुने सार्की | ४२३१ | २०७९।०६।१५ | प्रथम त्रैमासिक | २००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | ३ | जेष्ठ नागरिक | देउ कुमारी प्रधान | १०२५ | २०७९।१२।०५ | तेस्रो त्रैमासिक | ३३२५ |
| ६ | ६ | जेष्ठ नागरिक | विष्णु माया गुरुङ्ग | ७४४ | २०७९।०५।०९ | पहिलो त्रैमासिक | ९१९७ |
| ७ | ८ | जेष्ठ नागरिक | तुल बहादुर गुरुङ्ग | २७२० | २०७९।१०।०३ | तेस्रो त्रैमासिक | ११६०० |
| ८ | १० | जेष्ठ नागरिक | डम्बर कुमारी गुरुङसेनी | ५४०१ | २०७९।०६।११ | पहिलो, दोस्रो | १५५२७ |
| जम्मा | | | | | | | ५६५७६ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ५६,५७६ |

३४ **सेवा प्रवाह -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ मा नगरपालिका तथा वडा पालिकाको काम कर्तव्य र अधिकारको व्यवस्था छ। पालिकाबाट प्राप्त विवरण अनुसार यस वर्ष जन्म दर्ता ८५२ तथा मृत्यु दर्ता 2६० वटा, विवाह दर्ता ३३९ वटा, सम्बन्धबिच्छेद दर्ता ५१ वटा, वसाईसराई १६५ वटा दर्ता तथा सिफारीस गरी सेवा प्रवाह गरेको देखियो। पालिकाले नाता प्रमाणित, नागरिकता सिफारिस, आदिको सम्बन्धमा अभिलेख राखेको छैन भने स्थानीय तथ्यांक सम्वन्धी नीति, कानून तथा मापदण्ड समेत वनाएको छैन। ऐन बमोजिम कानून वनाई सोको अभिलेख व्यवस्थित गर्नु पर्दछ।

३५ **विल भरपाई -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) अनुसार सरकारी रकमको खर्च लेख्नु अगाडि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक विल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रीत पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ।पालिकाले प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत वडा नं ६ मा सिंढी निर्माणको लागि रु २९०८८१ र कुवा निर्माणको लागि रु १५७६१७ समेत रु ४४८५०० मध्ये नगरपालिकाबाट छुट रु १०१९११ भुक्तानी गर्नुपर्ने रकम घटाई रु ३४६५८९ भुक्तानी गर्नुपर्नेमा रु ३४९८६६ भुक्तानी गरेकोले वढी भुक्तानी भएको असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२७७ |

३६ **प्रधानमन्त्री रोजगार कार्यक्रम -** स्थानीय तहमा सूचिकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूति गराउन एवं सामाजिक पूर्वाधारको स्थानीय मार्फत नागरिकको जीवन यापन सुधार ल्याउने उद्देश्यले स्थानीय तहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालनमा रहेको छ।प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका २०७५ को दफा २(१) वमोजिम पालिकाले वेरोजगार तथ्याङ्क अद्यावधिक गरेर सूचीमा समावेश भएकाहरुलाई प्रमाणीकरण गरी प्राथमिकताक्रम अनुसार कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा पालिकाले वेरोजगार तथ्याङ्क अद्यावधिक गरेको छैन।यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला निर्माण, आन्तरिक सडक निर्माण, पदमार्ग निर्माण, सडक सोलिङ, गोरेटो माटो मर्मत, पर्खाल निर्माण लगायतका कार्यक्रम संचालन गरी यो बर्ष ६४ वेरोजगारी युवाहरुलाई रोजगारी उपलव्ध

गराई विभिन्न १० योजनामा रु ७८२७२५९ खर्च लेखेको छ।उक्त खर्चबाट लक्षित वर्गमा अल्पकालिन रोजगारी सिर्जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिदैन।

३७ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गतेभित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उप प्रमुख श्री सिता गुरुङ्गले मिति २०७९।०३।१० गते रु. ६५ करोड १३ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सोही २०७९।०३।१० मा पारित भएको छ। यसैगरी स्थानीय तहका प्रमुखले २०७९।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ।

३८ **चौमासिक पूजीगत खर्च -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ मा त्रैमासिक प्रगती विवरण वनाई केन्द्रिय निकाय तथा कोष तथा लेखा नियन्त्रक पालिकामा पेश गर्नुपर्ने केन्द्रिय निकायले त्रैमासिक विवरण तयार गरी अर्थ मन्त्रालय र योजना आयोगमा पठाउनुपर्ने व्यवस्था छ। पालिकाको सुत्र सफ्टवेयरवाट त्रैमासिक प्रतिवेदन प्राप्त नहुने हुँदा सुत्रमा उपलव्ध हुने चौमासिक विवरण अनुसार चौमासिक पजीगत खर्चको स्थिति देहाय बमोजिम रहेको छ। पूर्जीगत खर्चमध्ये तेस्रो चौमासिक अवधिमा ६४.५६ प्रतिशत अर्थात रु. ९१८९१८६५।०० खर्च भएको देखिन्छ। कुल खर्च मध्ये असार महिनामा मात्र रु ४६०२०२६८।०० अर्थात ३२.३३ प्रतिशत खर्च भएको विवरण पेश भएको छ। यसरी वर्षान्तमा हतार हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने योजनाहरु अनुगमन गर्न कठिन हुने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ।

| **बजेट उपशिर्षक** | **कुल खर्च** | **चौमासिक खर्च** | | | **असार महिना** |
|---|---|---|---|---|---|
| | | **प्रथम चौमासिक** | **दोस्रो चौमासिक** | **तेस्रो चौमासिक** | |
| पुंजीगत खर्चतर्फ | १४२३२६९१९ | १४८३२७११ | ३५६०२३४३ | ९१८९१८६५ | ४६०२०२६८ |
| प्रतिशत | १०० | १०.४२ | २५.०१ | ६४.५६ | ३२.३३ |

३९ **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत समानुपातिक र दीगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ। यस पालिकाको २०७९।८० को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ।

| **मुख्य क्षेत्र** | **बार्षिक बजेट** | **खर्च रकम** | **कुल खर्चमध्ये प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २४५००००० | १४९०४१६२ | २.७१ |
| सामाजिक विकास | २८५६२२५०० | २७३३४४६७१ | ४९.७८ |

| | | | |
|---|---|---|---|
| पूर्वाधार विकास | २११२७७५०० | ११००८७८४४ | २०.०५ |
| सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | २२५८८८३७ | १६७५८७६४ | ३.०५ |
| पालिका सञ्चालन तथा प्रशासनिक | १६५००९००० | १३३९९८२९७ | २४.४० |
| जम्मा | ७०८९९७८३७ | ५४९०९३७३८ | १०० |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४९.७८ प्रतिशत र सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा सबै भन्दा घटी ३.०५ प्रतिशत रहेको छ।

४० **कार्यक्रमगत प्रगति -** पालिकाले तोकिएको लक्ष्य पुरा गरी शत प्रतिशत लक्षित प्रगति हासिल गर्नुपर्दछ । पालिकाले देहायका कार्यक्रममा शुन्य प्रगती गरेको छ अर्थात काम नै गरेको छैन। पालिकाले पुरा गर्न सक्ने योजनाहरु छनोट गरी कार्यान्वयनमा लैजानुपर्दछ। पालिकाले तय गरेका कार्यक्रम तर्फ शुन्य प्रगति भएका केही आयोजनाहरु देहायअनुसार रहेका छन्ः

| **सि.न.** | **मुख्यकार्यक्रम/मुख्य क्रियाकलाप** | **विनियोजन** | **खर्च** |
|---|---|---|---|
| १ | ७५ प्रतिशतसाझेदारीमा प्लाष्टिक टनेल वितरण | ६४०००० | ० |
| २ | बागवानीविकास कार्यक्रम | ५००००० | ० |
| ३ | फलफूल दशकअन्तर्गत स्थानीय तहमा (सुन्तला कागती जुनार) बिरुवा रोपण अभियानकार्यक्रम (५०% अनुदान) | ५००००० | ० |
| ४ | आयमूलक शीपविकास कार्यक्रम | १००००० | ० |
| ५ | उद्यमशीलताविकास कार्यक्रम | ५००००० | ० |
| ६ | महिलाउद्यमशीलता विकास | ५००००० | ० |
| ७ | तल्लो कुलोनिर्माण | १००००० | ० |
| ८ | सिती खोलासिंचाई | ५०००००० | ० |
| ९ | पाठ्यमक्रमर पाठ्यसामग्री वितरणकार्यक्रम | १५०००० | ० |
| १० | पाठ्यक्रमप्रवोधिकरण कक्षा ५ ८ र १० | १५०००० | ० |
| ११ | शिक्षकहरुलाई IEMIS र ICT तालिम सञ्चालन | ४००००० | ० |
| १२ | शौक्षिकसुधार कार्यक्रम | ३६९००० | ० |
| १३ | अपाङ्गता/ज्येष्ठनागरिक/एकल महिला/एकल पुरुष लैङगिक तथा यौनिक अल्पसंख्यकहरुलाई सम्मान कार्यक्रम | ४००००० | ० |
| १४ | दलितसमुदायकाउद्यमशिलता विकास तालिम सञ्चालन कार्यक्रम | १५०००० | ० |

| | | | |
|---|---|---|---|
| १५ | महिलाहरुकोसिप विकास तालिम | २५०००० | ० |
| १६ | स्वास्थ्यशिविर सञ्चालन | १००००० | ० |
| १७ | चालिस हजारसम्मका फुटकर आयोजनाहरु | १६००००० | ० |
| १८ | पिस्तीखोला तटबन्धन | ५००००० | ० |
| १९ | विपद् कोषस्थापना तथा संचालनकार्यक्रम | ३५००००० | ० |
| २० | विपद कोष स्थापना तथा संचालन | ३५००००० | ० |
| २१ | अन्यसामाजिक सहायता | ६००००० | ० |
| २२ | भैपरी आउनेपूँजीगत | १५००००० | ० |

४१ **प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३५ वजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने प्रत्येक पालिकाले अनुसूची २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक प्रतिवेदन प्राप्त भएपछि भौतिक र वित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ। पालिकाले पुँजीगत खर्च तर्फबाट विभिन्न सार्वजनिक निर्माण सम्वन्धी कामको अनुसूची २ वमोजिमको ढाँचामा प्रगति विवरण तयार गर्नुपर्नेमा तयार गरेको देखिएन।

४२ **योजना र कार्यान्वयन -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। पालिकाले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ । साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दीर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ ।यस वर्ष उपभोक्ता समितिमार्फत भएका कामका योजनाहरु देहायअनुसार छन।

| **क सं** | **विवरण** | **योजनासंख्या** | **रकम** |
|---|---|---|---|
| १ | रु १ लाख भन्दा कमका योजना | २७ | २४५०००० |
| २ | रु. १ लाख देखि २ लाख सम्मका योजना | ३६ | ६८००००० |
| ३ | रु. २ लाख देखि ५ लाख सम्मका योजना | २४ | ८५५०००० |
| ४ | रु ५ लाख देखि १० लाख सम्मका योजना | ८ | ६५५०००० |
| ५ | रु. १० लाख देखि ५० लाख सम्मका योजना | १३ | १४२३४००० |
| | जम्मा | १०८ | १६७५८४०० ० |

४३ **योजना छनौट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकास लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गर्नुपर्ने व्यवस्था गरेको छ । योजना बनाउँदा आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने, स्थानीय बासिन्दाको सहभागिता जुटने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, सबै वर्गलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने विषयलाई उल्लेखनीय प्राथमिकता दिएको देखिएन। तसर्थ स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजनाहरुको सूची तयार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नेतर्फ ध्यान दिनुपर्दछ।

४४ **अवण्डा वजेट -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ भने अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २७ मा सन्चित कोषमाथि व्ययभार हुने रकम वाहेकका अन्य रकम आफ्नो वजेटमा व्यवस्था गरी सम्बन्धित व्यवस्थापिकाबाट त्यस्तो वजेट स्वीकृत भएपछि मात्र खर्च गर्नुपर्ने उल्लेख छ। यस स्थानीय तहले यो बर्ष भैपरी आउने र अन्य सार्वजनिक निर्माण शीर्षकमा रु. २ करोड ६४ लाख ३८ हजार बजेट राखेकोमा कार्यक्रम तोकेको छैन। बजेट अबण्डाको रुपमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।

४५ **तलवी प्रतिवेदन -** निजामती सेवा ऐन २०४९ को दफा ७ ख (२) जिल्लास्थित सरकारी पालिकाहरुको तलबी प्रतिवेदन सम्बन्धित जिल्लास्थित कोष तथा लेखा नियन्त्रक पालिकाबाट तलबी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्ने व्यवस्था गरेको छ। पालिकाले यस आर्थिक वर्षमा स्वास्थ्य तर्फका कर्मचारीको तलवमा रु. २ करोड ९ लाख ९२ हजार र पालिका तर्फका अन्य कर्मचारीहरुको तलवमा रु. १ करोड १३ लाख ९७ हजार गरी जम्मा रु. ३ करोड २३ लाख ८९ हजार खर्च गरेकोमा उक्त खर्च लेख्नु अगावै ऐनमा भएको व्यवस्था बमोजिम तलवी प्रतिवेदन पारित गराएको छैन। तलवी प्रतिवेदन पारित नगराई खर्च लेख्दा कर्मचारीको ग्रेड खर्च लेखेको सम्वन्धमा एकिन गर्न सकिएन। पालिकाले ऐनमा भएको व्यवस्था अनुसार तलवी प्रतिवेदन पारित गराएर मात्र खर्च लेख्नु पर्दछ।

४६ **कर्मचारी व्यवस्थापन र पदपूर्तिको अवस्था -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित १०० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशाकीय अधिकृत सहित ५३ जना स्थायी पदपूर्ती भएको र २४ जना करारमा राखी पदपूर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका इन्जीनियर, प्रशासन अधिकृत, शिक्षा अधिकृत, प्रशासन सहायक पाँचौ, आन्तरिक लेखापरीक्षक सहित ३३ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन,

सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्त पदहरु यथाशक्य छिटो परपूर्ति गरी सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

४७ **स्वीकृत दरवन्दी वाहिर करार सेवा -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ को उपदफा (६) मा स्थानीय तहले नगर प्रहरी, सवारी चालक, सरसफाई सम्बन्धि आदि पदमा बाहेक अन्य पद तथा सेवामा करारवाट पदपूर्ति गर्न नसकिने कानूनी व्यवस्था गरेको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले २०७४।१२।१४ मा जारी स्थानीय तहमा करारमा जनशक्ति व्यवस्थापन गर्ने कार्यविधि, २०७४ मा स्वीकृत दरवन्दी भन्दा वाहिर अन्य रुपमा कर्मचारीहरु राखी तलब भत्ता वा पारिश्रमिक भुक्तानी गर्न नमिल्ने र त्यस्तो कार्य प्रचलित कानून विपरित भई भुक्तानी गर्ने पदाधिकारीवाट असुल उपर हुने व्यहोरा उल्लेख छ । स्वीकृत दरवन्दी भन्दा वाहिरका प्रेस सल्लाहकार लगायतका कर्मचारी राखी देहायअनुसार खर्च लेखेको छ । स्वीकृत दरवन्दी विपरितको पद सिर्जना गरी खर्च लेखेको उक्त रकम कानून विपरित भएकोले स्थानीय सरकारलाई थप व्ययभार परेको अनियमित देखिएको रु.

| **सि.न.** | **कर्मचारीको नाम** | **पद** | **रकम** |
|---|---|---|---|
| १ | विकास विश्वकर्मा | सामाजिक परिचालक | २९९००० |
| २ | तारा गुरुङ | ल्याव असिष्टेन्ट | २८६००० |
| ३ | मनिषा दुरा गुरुङ्ग | ल्याव असिष्टेन्ट | २८६००० |
| ४ | सृजना प्रधान | ल्याव असिष्टेन्ट | २८६००० |
| ५ | सरिता गुरुङ | ने स्वा का | ३२५००० |
| ६ | शावना गुरुङ | अ न मि | ३३८००० |
| ७ | रविना पौडेल | अ न मि | २८६००० |
| जम्मा | | | २१०६००० |

| | |
|---|---|
| अनियमित भएको | २१,०६,००० |

४८ **प्राविधिक कर्मचारीलाई फिल्ड भत्ता -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नर्म्स स्वीकृत गराई खाजा र खाना खर्च भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।पालिकाले यो वर्ष निम्नानुसार कर्मचारीलाई फिल्ड भत्ता खर्च गरेकोमा अर्थ मन्त्रालयको स्वीकृती नलिई खर्च गरेको अनियमित देखिएको रु.

| क सं | कर्मचारीको नाम | पद | मासिक भत्ता रकम | कुल महिना | कुल रकम | कर कट्टी | खुद भुक्तानी रकम |
|---|---|---|---|---|---|---|---|
| १ | उत्तम सुवेदी | इन्जिनियर | ८००० | ६ | ४८००० | ४८० | ४७५२० |
| २ | ठाकुर कृष्ण घिमिरे | सव इन्जिनियर | ७००० | ६ | ४२००० | ४२० | ४१५८० |
| ३ | विद्या रेग्मी | सव इन्जिनियर | ७००० | ६ | ४२००० | ४२० | ४१५८० |
| ४ | सुधा थापा | | ७००० | ६ | ४२००० | ४२० | ४१५८० |
| ५ | विज्ञान रानाभाट | अ स इन्जिनियर | ६००० | ६ | ३६००० | ३६० | ३५६४० |
| ६ | राजिव वाग्ले | | ६००० | ६ | ३६००० | ३६० | ३५६४० |
| ७ | आकाश अधिकारी | अमिन | ६००० | ६ | ३६००० | ३६० | ३५६४० |
| ८ | मणिराम पोखेल | खा पा स टे | ६००० | ६ | ३६००० | ३६० | ३५६४० |
| जम्मा | | | | | | | ३१४८२० |

| | |
|---|---|
| अनियमित भएको | ३,१४,८२० |

४९ **कर्मचारी करार -** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यवोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिइने कर्मचारी दरवन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरवन्दी सिर्जना गर्न नसकिने व्यवस्था छ। त्यसैगरी सोहि ऐनको दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, पालिका सहयोगी, प्लम्वर, इलेक्ट्रिसियन, चौकिदार, माली, वगैंचे लगायतका पदमा मात्र करारबाट सेवा लिन सकिने उल्लेख गरेको छ। माथि उल्लेखित पद बाहेक स्वास्थ्यतर्फ पाँचौं तहका ६ जना चौंथो तहका २० जना गरी २६ जना कृषि तर्फ कृषि अधिकृत १ र ना प्रा स १ गरी २ जना पशुतर्फ सहायक स्तरका ३ जना प्रधानमन्त्री रोजगारतर्फ २ जना समेत ३३ जना विभिन्न पदमा करारमा कर्मचारी राखी बार्षिक रु १५४२५७२२ खर्च लेखेको छ। पालिकाले तोकिएको रिक्त पदमा ऐन वमोजिम कर्मचारी पदपूर्ती गर्नुपर्दछ।

५० **आर्थिक सहायता -** सरकारको बार्षिक कार्यक्रममा परेका बाहेक कुनै पनि सरकारी तथा गैरसरकारी संस्थालाई आर्थिक सहायता र अनुदान नदिने, तोकिएको मापदण्ड भित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता तथा औषधी उपचार खर्च वापत आर्थिक सहायता प्रदान गर्ने, यस्तो सहायता पाउने व्यक्ति तथा संस्थाको अभिलेख राखी एउटै व्यक्ति वा संस्थालाई दोहोरो सहायता उपलव्ध गराउन नहुने व्यवस्था सार्वजनिक खर्चमा मितव्ययिता र

प्रभावकारीता कायम गर्ने सम्वन्धी नीतिगत मार्गदर्शन, २०७५ मा उल्लेख छ। साथै उपरोक्त व्यवस्था प्रदेश सरकार तथा स्थानीय तहका सवै पालिकाहरु, सवै पदाधिकारी एंव कर्मचारीहरुले पालना गर्नुपर्ने उक्त मार्गदर्शनमा उल्लेख छ। पालिकाको चालु खर्चतर्फ नमुना छनौटको आधारमा परीक्षण गर्दा देहायवमोजिम भौचरवाट रु. ३८ लाख आर्थिक सहायता वितरण गरेको देखियो। आर्थिक सहायता वितरण गर्नुपुर्व पालिकाले ठूलो रकम आर्थिक सहायताको रुपमा व्यक्ति तथा संस्थालाई वितरण गर्ने गरेको, आर्थिक सहायता पाउने व्यक्ति तथा संस्थाको लगत राख्ने नगरेको जस्ता अवस्था देखियो। पालिकाले आर्थिक सहायता एंव अनुत्पादक चालु प्रकृतिका खर्चमा कटौती नगरी पूँजीगत खर्चको हिस्सा बढाउन सक्ने अवस्था छैन। उत्पादनशील क्षेत्रमा लगानी नगरी आर्थिक बृद्धि हाँसिल गर्न नसकिने भएकोले यस्ता प्रकृतिका खर्चमा कटौती गर्नुका साथै तोकिएको मापदण्डभित्र रहेर मात्र क्षतिपूर्ति, आर्थिक सहायता र औषधी उपचार खर्च लेख्नुपर्ने देखिन्छ। पालिलकाको समानीकरण चालु तर्फको लेखापरीक्षण छनौटमा परेका केही भौचरको परीक्षण गर्दा चालु आर्थिक वर्षमा विभिन्न व्यक्ति तथा संस्थालाई वितरण गरेको छ। आर्थिक सहायताका केहि उदाहरण यस प्रकार छनः

| भौ.नं. | विवरण | रकम |
|---|---|---|
| ८१ | नागभैरवपुजा व्यवस्थापन | १५००० |
| ८६ | प्रजातान्त्रिकसाहित्य मन्च कार्यत्रम सन्चालन | २५००० |
| १२९ | मिन बहादुरगुरूङलाई | १५००० |
| २१३ | विभिन्न व्यक्तिलाई आर्थिक सहायता | १,५०००० |
| २८३ | कृषि मेला प्रर्दशनी | २५००० |
| ३११ | आँखाशिविर विविध कार्यत्रम संचालन वापतको | १००००० |
| ३७५ | शिवरात्रि भक्तजन व्यवस्थापन | १००००० |
| ४१२ | लाली गुरासआमा समुह को विविध कार्यक्रम सन्चालनका | २०००० |
| ४२२ | देउ बहादुरदुरा संग्रालय मर्मत वापतका | २०००० |
| ५०३ | कृष्ण प्रसाद काफ्लेलाई | २०००० |

५१ **वितरणमुखी पूँजीगत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ। पालिकाले वार्षिक बजेटबाट विभिन्न समुहहरुको फर्निचर व्यवस्थापन लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरी खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन। पालिकाले यस्तो खर्च नियन्त्रणगरि सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। उदाहरणका लागिः

| भौ न | कार्यक्रम | कामको विवरण | रकम |
|---|---|---|---|
| ७६ | मगर समाज | मगर समाज ट्रष्ट भवन निर्माण | १९९८६० |
| ८५ | हाँडीखोला युवा क्लव | भवन निर्माण | ४००००० |
| ९३ | रानीपानी आमा समुह | भवन निर्माण | १९६९८६ |
| ९६ | लामा गाँउ गुम्बा | गुम्बा निर्माण | ४९७४०६ |
| ९८ | करापु तमु समाज | कम्पाउण्ड निर्माण | २००००० |
| १०५ | फेदीगाउँ आमा समुह | भवन निर्माण तथा व्यवस्थापन | २५५७२४ |
| ११२ | सिहाले आमा समुह | भवन निर्माण तथा व्यवस्थापन | १९८१०७ |
| १२५ | शितलादेवी आमा समुह | भवन मर्मत तथा निर्माण | ९९५६७ |
| १४९ | सयपत्री आमा समुह | भवन मर्मत | ९९०६२ |
| १५२ | पराजुली वेसी आमा समुह | भवन मर्मत तथा रंगरोगन | २९५९०१ |
| १६२ | सिलिङ्गे डाँडा मगर समाज | भवन निर्माण | ४७२८८९ |
| १७५ | रेडो गुम्बा | रेडो गुम्बा निर्माण | ६५०००० |
| २०० | भुजेल समाज | भवन निर्माण | २९८९४९ |

५२ **खाना तथा विविध -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष विविध शीर्षकवाट १७ लाख ६५ हजार विविध कार्यक्रममा खर्च गरेको छ भने खर्चका प्रमाण हेर्दा विलमात्र आएको देखिन्छ र त्यस प्रकारको खर्च विभिन्न वडा तथा पालिकामा विषयगत शाखाका कार्यक्रममा खर्च भएको पालिकाले जानाकारी गराएको छ। यस्तो प्रवृत्तिमा नियन्त्रण गरी खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ। केहि उदाहरणः

| भौचर। मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ३९।२०७९।६।६ | खाजा खाना | निश्चल होटल रेष्टुरेन्ट एण्ड लज | ५२७०३ |
| १५२।२०७९।९।३ | खाजा खाना | गुरुङ व्रदर्श स्टोर/ रामचन्द्र भण्डारी | ७५९०० |
| २६९।२०७९।११।१६ | खाजा खाना | आँगन रेष्ट्रो | २७००० |
| ३९४।२०८०।१।१३ | खाजा खाना | गाँउवेशी खाजा घर | ८५३४९ |

| | | | |
|---|---|---|---|
| ५००।२०८०।३।६ | खाजा खाना | मनिषा होटल एण्ड लज | ८२४६९ |
| ५७२।२०८०।३।२४ | खाजा खाजा | रोनिस खाजा घर | ७९०५० |
| २११।२०७९।१०।१२ | खाजा खाना | मनिषा होटल एण्ड रेष्टुरेण्ट | ९५४५० |
| ३३१।२०७९।१२।२१ | खाजा तथा खाना | राष्ट्रिय परिचय पत्र वितरण कार्यक्रम | ४३२०९० |
| जम्मा | | | ९३००११ |

५३ **अनुत्पादक एवं वितरणमुखी पूँजिगत खर्च -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा गाउँपालिकाले आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने, उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने, स्थानीय बासिन्दाहरुको सहभागिता जुट्ने, स्थानीय स्रोत साधन र सीपको अधिकतम प्रयोग हुने, दीगो विकास, वातावरणीय संरक्षण तथा सम्वर्द्धनमा सहयोग पुग्ने विषयहरुलाई प्राथमिकता दिई योजना तर्जुमा र कार्यान्वयन गर्नुपर्ने उल्लेख छ।पालिकाले वार्षिक बजेटबाट पर्व संचालन, दर खाने कार्यक्रम, पञ्चेबाजा खरिद लगायतका अनुत्पादक र वितरणमुखी कार्यमा बजेट विनियोजन गरि खर्च गरेको छ। यस किसिमका खर्चबाट आर्थिक विकासमा टेवा पुग्ने देखिदैन।पालिकाले यस्तो खर्च नियन्त्रणगरि सार्वजनिक स्रोत साधनको उपयोग गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्नु पर्दछ। केहि उदाहरण देहायवमोजिम रहेका छनः

| क्र सं | भौ नं/ मिति | खर्चको विवरण | भुक्तानी पाउनेको नाम | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | ६०।२०७९।६।११ | आर्थिक सहायता | देवि प्रसाद खवास | १८००० |
| २ | १४०।२०७९।८।२७ | भित्तेपात्रो छपाई | देश दर्पण साप्ताहिक | १५००० |
| ३ | १४९।२०७९।८।२९ | आर्थिक सहायता | नेपाल नगरपालिका संघ | ५०००० |
| ४ | १५०।२०७९।९।१ | खेलकुद संचालन | लिटल स्टार युवा क्लव | २५००० |
| ५ | १७९।२०७९।९।१८ | आर्थिक सहयोग | नेपाल कम्न्यूष्ट पार्टी | २०००० |
| ६ | २०३।२०७९।१०।६ | आर्थिक सहयोग | नेपाल पत्रकार महासंघ | २८००० |
| ७ | २०४।२०७९।१०।१२ | आर्थिक सहयोग | गोमती युवा क्लव | २५००० |
| ८ | ३११।२०७९।११।१८ | आर्थिक सहायता | लमजुङ उद्योग वाणिज्य संघ | २५००० |
| ९ | २८७।२०७९।११।१८ | जात्रा संरक्षण | इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समिति | १००००० |

| | | | | |
|---|---|---|---|---|
| १० | ३३४।२०७९।१२।२६ | 7 A Side Football प्रतियोगिता | श्री हाँडीखोला युवा क्लव | १००००० |
| ११ | ३४४।२०७९।१२।२६ | 7 A Side Football Tournament | श्री इशानेश्वर महादेव मन्दिर क्षेत्र विकास समिति | २००००० |
| १२ | ३५८।२०८०।१।३ | आर्थिक सहायोग | विश्व हिन्दु महासंघ | २०००० |
| १३ | ३६५।२०८०।१।४ | 7 A Side Football Tournament | क्षितिज युवा क्लव | १००००० |
| १४ | ३७६।२०८०।१।६ | आर्थिक सहयोग | विश्व हिन्दु महासंघ | २०००० |
| १५ | ३९२।२०८०।१।१२ | राष्ट्रपति रनिङ सिल्ड | कविता आचार्य | २०१२५० |
| १६ | ३९३।२०८०।१।१२ | राष्ट्रपति रनिङ सिल्ड | श्री मंगला माद्यामिक विद्यालय | २७७८७५ |
| १७ | ४१२।२०८०।१।२५ | आर्थिक सहायता | लाली गुँरास मूमा समुह | २०००० |
| १८ | ४१४।२०८०।१।२५ | अन्तर पालिका अध्ययन भ्रमण | इन्दिरा पोखरेल | ११६३०९ |
| १९ | ५०७।२०८०।३।७ | नाग भैवर पुजा व्यवस्थापन | नाँग भैरव पुजा व्यवस्थापन समिति | १००००० |
| २० | ५१९।२०८०।३।१३ | खेलकुद विकास कार्यक्रम | क्रियटिभ युथ क्लव/ त्रिवेणी युवा क्लव/ राक्से कालिका युवा क्लव | ३३९३२७ |
| जम्मा | | | | १८००७६१ |

५४ **परामर्श सेवा -** सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले थप दक्षता आवश्यक पर्ने कार्य मात्र खरिद गर्नुपर्ने व्यवस्था छ। पालिकाले देहायअनुसारका परामर्श सेवा सोझै खरिद गरी रु. १४६८३४९ खर्च लेखेका छ।

| **भौनं** | **विवरण** | **परामर्श दाता** | **रकम** |
|---|---|---|---|
| ३७,२०७९।०९।०४ | विस्तृत आयोजना सर्वेक्षण तथा प्रतिवेदन तर्जुमा | पाई कन्सल्ट्स प्रा.लि. | ४९८३८६ |
| १५६,२०८०।०२।२९ | क्याम्पस गेटदेखि गैरी वडा न.३ कार्यलय र बाङग्रेबेशीदेखि हाडीखोला बाटो डिपिआर | युनिक डिजाईन एण्ड डेभलपेन्ट इन्जिनियिङ्ग कन्सल्टेन्सी प्रा.लि. | ४७३३२८ |

| | | | |
|---|---|---|---|
| ५१२।२०८०।३।१० | क्षमता विकास योजना तयारी | आर एम सि रिसर्च एण्ड मेनेजमेन्ट कन्सल्टेन्सी प्रा ली | ४९६६३५ |
| जम्मा | | | १४६८३४९ |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार रहेका छन।

**(क) सेवाको लागत अनुमान -** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्नु पर्ने, जसमा लागत अनुमान तयार गर्दा मन्त्रालयले तयार पारेको नर्म्स, गत बर्षको नर्म्स, सोही प्रकृतिको कार्य गर्न अन्य निकायले तयार पारेको नर्म्स, आदि कुरा लाई आधार मानी लागत अनुमान तयार गर्नु पर्ने उल्लेख छ। पालिकाले माथि उल्लेखित आधार वेगर फर्मसँग दररेट माग गरी लागत अनुमान तयार गरेको कारण लागत अनुमान यथार्थ परक भएको छैन।

**(ख) वीमा -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ३८ बमोजिम सम्झौता गर्ने परामर्शदाताले सम्झौता गरेको तीस दिन भित्र सम्झौताको कुल रकम समेट्ने गरी सार्वजनिक निकायलाई निसर्त भुक्तानी हुने पेशागत दायित्व विमा (प्रोफेशनल ल्याविलिटी इन्सोरेन्स) पेश गर्नु पर्ने व्यवस्था नियमावलीको नियम ८०(७) मा उल्लेख भएकोमा पालिकाले परामर्शदाताको पेशागत दायित्व विमा पेश गर्न लगाएको छैन । खरिद कानुनको पालना नगर्नेलाई जिम्मेवार बनाउनु पर्दछ।

५५ **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा पालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ। पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन। पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गर्नु गराउनुका साथै अभिलेख राख्नु पर्दछ।

५६ **पदाधिकारी सुविधा -** गण्डकी प्रदेशको स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन अनुसार पदाधिकारी तथा सदस्यले अनुसूची बमोजिमको रकम नबढ्ने र दोहोरो नपर्ने गरी सुथिधा पाउने व्यवस्था गरेको छ । नगरपालिकाले आर्थिक वर्ष २०७९।८० मा जम्मा रु. १४०६८५२०।०० पदाधिकारी सुविधामा भुक्तानी गरेको छ ।

५७ **संचित कोष -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम नगरपालिकाले प्राप्त गरेको आय अनुदान तथा सहायता र स्थानीय सरकार संचालनमा भएका आयव्यय हिसावको आर्थिक वर्ष २०७९।०८० को वित्तीय प्रतिवेदन म.ले.प.फा.न. २७२ निम्न बमोजिम रहेको छः

| **विवरण** | **यसवर्ष रु.** | | |
|---|---|---|---|
| | **बजेट** | **आफैलेगरेको प्राप्ति/भुक्तानी** | **जम्मा** |

| | | | |
|---|---|---|---|
| प्राप्ती (क+ख) | ७०९४८६६७४.०० | ५७५८०३६१३.७१ | ५७५८०३६१३.७१ |
| क.प्राप्ति (संचितकोषमा आम्दानी बाँधिने) | ७०९०९७८३७.०० | ५६१३४३४१४.३८ | ५६१३४३४१४.३८ |
| ११०००कर | ११६५०७०००.०० | ८९५४९८७३.८१ | ८९५४९८७३.८१ |
| १३०००अनुदान | ५१८३०२०००.०० | ४५९१३५७०१.५७ | ४५९१३५७०१.५७ |
| संघीयसरकार | ४९५८५४०००.०० | ४४४३७५०१२.५७ | ४४४३७५०१२.५७ |
| प्रदेशसरकार | २२४४८०००.०० | १४७६०६८९.०० | १४७६०६८९.०० |
| १४०००अन्य राजस्व | १४६३८८३७.०० | १२६५७८३९.०० | १२६५७८३९.०० |
| ३२०००वित्तीय सम्पत्ति | ५९६५००००.०० | ०.०० | ०.०० |
| ख.अन्य प्राप्ति | ३८८८३७.०० | १४४६०१९९.३३ | १४४६०१९९.३३ |
| वितरणगर्न बाकी राजस्व | ०.०० | ०.०० | ०.०० |
| कोषहरु | ३८८८३७.०० | ५२०४.०६ | ५२०४.०६ |
| धरौटी | ०.०० | १४४५४९९५.२७ | १४४५४९९५.२७ |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० |
| भुक्तानी (ग+घ) | ७०९३८६६७४.०० | ५५२४०५५७९.०६ | ५५२४०५५७९.०६ |
| ग.भुक्तानी (सञ्चित कोषबाट) | ७०८९९७८३७.०० | ५४९०९३७४०.०६ | ५४९०९३७४०.०६ |
| २१००० पारिश्रमिक / सुविधा | २७१८५५०००.०० | २५३१६७४०३.३८ | २५३१६७४०३.३८ |
| २२००० मालसामान तथा सेवाको उपयोग | १७६४६५३३७.०० | १५०९९७७१२.६८ | १५०९९७७१२.६८ |

| | | | |
|---|---|---|---|
| २५००० सहायता (Subsidy) | ८००००.०० | ०.०० | ०.०० |
| २७००० सामाजिक सुरक्षा | ६०००००.०० | ०.०० | ०.०० |
| २८००० अन्य खर्च | २८००००००.०० | २६०१७०५.०० | २६०१७०५.०० |
| ३१००० गैर वित्तीय सम्पत्ती / पूँजीगत खर्च | २५६४७७५००.०० | १४२३२६९१९.०० | १४२३२६९१९.०० |
| घ.अन्य भूक्तानी | ३८८८३७.०० | ३३११८३९.०० | ३३११८३९.०० |
| कोषहरु | ३८८८३७.०० | ०.०० | ०.०० |
| धरौटी | ०.०० | ३३३५३८२.०० | ३३३५३८२.०० |
| संघीयप्रदेश सरकार वा अन्य कार्यक्रम | ०.०० | ०.०० | ०.०० |
| कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी | | -२३५४३.०० | -२३५४३.०० |
| ङ.यो वर्षको बचत (न्युन) | १०००००.०० | २३३९८०३४.६५ | २३३९८०३४.६५ |
| च.गतवर्षको जिम्मेवारी रकम (अ.ल्या) | | ७१३९६१३१.६५ | ७१३९६१३१.६५ |
| वर्षान्तकोबाकी रकम (ङ + च) | १०००००.०० | ९४७९४१६६.३० | ९४७९४१६६.३० |
| बैंकतथा नगद बाकी | | ९४७८८९६२.२४ | ९४७८८९६२.२४ |

अन्तर सरकारी वित्तीय हस्तान्तरण तर्फको आम्दानी तथा खर्चः

| **आम्दानी शीर्षक** | **रकम** | **खर्च शीर्षक** | **रकम** |
|---|---|---|---|
| सामाजिक सुरक्षा भत्ता | २४४१६७६२६ | सामाजिक सुरक्षा भत्ता | २४४१६७६२६ |
| एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८२६७८६७५ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ८२६७८६७५ |
| स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १८२३९६४ | स्थानीय तह प्रशासकीय भवन पूर्वाधार विकास कार्यक्रम | १८२३९६४ |

५८ **वित्तीय विवरण -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी

आय र व्ययको हिसाव राख्नुपर्दछ। सोही ऐनको दफा ६९ मा तोकिए अनुसार नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम, संचित कोषवाट भएको खर्च तथा खर्च नभइ वाँकी रहेको रकम स्पष्ट देखिने गरी खाता राखेको छैन भने स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (NPSAS अनुरूप) म.ले.प.फा. नं. २७२ ले समेत आय व्ययको यथार्थ चित्रण गर्न सकेको छैन ।

• पालिकाको सुत्रको वित्तीय प्रतिवेदनमा गत वर्षको वैक तथा नगद वाँकी मौज्दात रु. ७३७३९१८७।७१ देखिएकोमा पालिकाले यस वर्ष रु. ७१३९६१३१।६५ जिम्मेवारी सारेको देखिन्छ। वैक तथा नगद वाँकी रहेको रकम सम्पुर्ण जिम्मेवारी सार्नुपर्नेमा घटी जिम्मेवारी सारेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार गरी अद्यावधिक गर्नुपर्नेमा सो नगरी घटी जिम्मेवारी सारेको वारेमा एकिन गर्नुपर्ने देखिएको।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन। तोकिएको ढाँचामा लेखा राख्नुपर्दछ।

एकिकृत आर्थिक संकेत वर्गिकरण तथा व्याख्या २०७४ अनुसार चालू र पुजीगत शीर्षकमा रकम विनियोजन गरी खर्च गर्नुपर्नेमा कतिपय कार्यक्रम चालु शीर्षकवाट गर्नुपर्नेमा पुजीगत शीर्षक र पुजीगत शीर्षकवाट गर्नुपर्नेमा चालु शीर्षकवाट खर्च गरेकोले उक्त व्याख्या अनुसार वजेट तयार तथा कार्यान्वयन भएको छैन। अतः खर्च शीर्षकले यथार्थ शीर्षकगत खर्च रकमको विवरण दिन सक्ने अवस्था रहेन ।

५९ **क्षेत्राधिकार वाहिरको भुक्तानी -** आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७५ को नियम ३५(२) मा खर्च गर्ने वा खर्चको निकासा दिने अधिकारीले खर्च गर्नु पूर्व उक्त जिम्मेवारी आफ्नो कार्य क्षेत्रभित्रको हो होइन यकिन गरेरमात्र भुक्तानी दिनुपर्ने व्यवस्था छ । यस पालिकाले सो कुरा बिचार नगरी तपशिल बमोजिम आफ्नो क्षेत्राधिकार भित्र नपर्ने सरकारी तथा गैरसरकारी निकायको भौतिक संरचना निर्माण तथा अन्य प्रशासनिक कार्य वापत खर्च लेखेको छ। पालिकाले खर्च गर्दा गुणात्मक प्रतिफल आउने क्रियाकपालहरुमा खर्च गर्न अग्रसर हुनुपर्दछ।

| गो भौ न मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| १४५।२०८०।२।२५ | भवन निर्माण | प्रहरी वल आश्रित गुल्म वेशीसहर | ९९८४८ |
| ३११।२०७९।१२।३ | आँखा शिविर संचालन | नेपाल रेडक्रस सोसाइटी | १००००० |
| जम्मा | | | १९९८४८ |

६० **घटी जिम्मेवारी -** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु. ७३७३९१८७।७१ मौज्दात रहेकोमा यो वर्ष रु. ७१३९६१३१।६५ जिम्मेवारी सारेको छ। जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु. २३४३०५६।०६ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २३,४३,०५६ |

६१ **आन्तरिक नियन्त्रण प्रणाली -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु देहाय वमोजिम रहेका छनः

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• पालिकाले २०७९।८० को अवधिमा भएको आफ्नो आर्थिक कारोवारको अनुसुची २११ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार गरेको पाईएन।

• पालिकाको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।

• राजस्व संकलन सम्बन्धमा सुचना प्रबिधिको प्रयोग गरी सबै कारोबार बैकिङ्ग प्रणाली मार्फत गर्ने गरेको देखिएन । स्थानीय राजस्व व्यवस्थापन प्रणाली प्रयोगमा आएतापनि पुर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन ।

• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।

• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय, क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन ।

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरी राख्नुपर्नेमा राखेको देखिएन।

• दीगो बिकास योजना (२०१५-३०) लाई कार्यान्वयन गर्ने सन्दर्भमा लक्ष्यलाई आन्तरिकीकरण गर्ने र मध्यकालीन लक्ष्यहरु तोकि मुल्याङ्कन गर्ने कार्य भएको देखिएन ।

• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी केही सामान वडा पालिका तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो भने वडालाइ आवस्यक पर्ने अधिकांश सामान वडाले

नै खरिद गर्ने र जिन्सी पनि वडाले नै बाढ्ने गरेकोले गाउपालिकाको मुल जिन्सी खातामा उक्त सामान चढाएको देखिएन।

• वडा पालिकामा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी पालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको पाईएन ।

• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन।

• मुल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क मा ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व पालिकालाई नदिएको तथा इ टीडिएस नगरेको पाइयो।

• कुनै रकमको भुक्तानी दिँदा रीत पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखी पालिका प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगाबै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा ढिला गरी तोकेको देखियो।

• ठेक्काहरुको विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।

• स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा सार्वजनिक खरिद नियमावली वनाएको पाईएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा यस स्थानीय तहले जग्गाको उपयोग सम्बन्धी मापदण्ड बनाई लागू गरेको देखिएन ।

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।

• संस्था दर्ता ऐन, २०३४ दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण कार्य गर्न समिति गठन गरेका उपभोक्ता समिति ऐनको उक्त व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• यस वर्ष पालिकाले कन्टिन्जेन्सीवाट विभिन्न शीर्षकमा खर्च गरेको भएता पनि योजनागत कन्टिन्जेन्सीको खाता राखेको छैन ।

• निजामती सेवा ऐन, २०४९ दफा ५ (क) वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन ।

• आर्थिक कार्यबिधि नियमावली तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम नगद प्राप्त हुने रकम दैनिक रुपमा दाखिला गर्नुपर्ने र दैनिक रुपमा बैंक दाखिला गर्न नसकिने भएमा पालिका प्रमुखले कारण उल्लेख गरी सात दिन भित्र बैंक दाखिला गर्नु पर्ने व्यवस्था रहेकोमा स्थानीय तह अन्तरगतका वडाहरुले कतिपयले पन्ध्र दिन, महिना दिन र कतिपयले २ देखि ३ महिना पछि मात्र दाखिला गर्ने गरेको देखियो,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको नदेखिएको,

• वातावरण संरक्षण ऐन, २०७६ को दफा ३ मा स्थानीय तहले नियमावलीको अनुसूची वमोजिम सडकहरु निर्माण, १०० मि सम्मको पुल, लिफ्ट सिँचाइ, सडक स्तरोन्नती लगायतका कार्यमा वातावरणीय अध्ययन गर्नुपर्ने र नगरेमा दफा ३५ वमोजिम रु ५ लाखसम्म जरिवाना हुने व्यवस्था भएकोमा स्थानीय तह आफैले पालना नगरेको तथा जरिवाना गराएको अभिलेख नराखेको,

• स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा स्थानीय तहले सार्वजनिक सम्पत्तिको संरक्षण गर्नुपर्ने उल्लेख भएकोमा सो को अभिलेख नराखेको,

• पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्नेमा सो नगरेको र लागत सहभागिता सहितको लागत अनुमान तयार गरेको देखिएन ।

• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।

• सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।

• सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वजनिक निर्माण सम्वन्धी काम उपभोक्ता समितिबाट गराँउदा उक्त उपभोक्ता समितिले आन्तरिक राजस्व पालिकाबाट स्थायी लेखा नम्वर लिनुपर्नेमा सो नलिएका उपभोक्ता समितिबाट काम गराएको,

• वजेट तथा वार्षिक कार्यक्रम अनुसारको प्रगती तयार नगरेकोले पालिकाको वजेट, शशर्त तथा विषयगत अनुदानको कार्यक्रम कार्यान्वयनमा आए नआएको र कार्यक्रम अनुसारको प्रगति भए नभएको संवन्धमा एकिन गर्न सकिएन ।

• वडावाट विभिन्न वैठकहरु वसी भत्ता भुक्तानी गरेकोमा वडागत वैठकको निर्णय अध्ययन गर्दा अधिकांशमा वैठकको स्पष्ट कार्यविधि नभएको तथा केहीमा महत्वपुर्ण निर्णय नभएको तर वैठक भत्ता भुक्तानी गरेको,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम (११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरुको विवरण खुलाई अभिलेख राख्नुपर्ने व्यवस्था भएकोमा पालिकाले विगत वर्षदेखि भएको कार्यको लगत नराखेको कारण एकै योजनालाइ एक भन्दा वढी वर्षमा विनियोजन हुन सक्ने देखिएको,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २२ अनुसार कामलाइ व्यवस्थित गर्न लेखा समिति, सुशासन समिति लगायतका समिति तथा विशेष समिति गठन गर्न सक्ने उल्लेख भएकोमा गठन नभएको तथा भएकोमा समेत निस्क्रियताको कारण संस्थागत सुशासनको स्थितिको वारेमा मुल्यांकन गर्न सक्ने स्थिति नभएको,

• सूचना अधिकारीको काम, कर्तव्य र जिम्मेवारी सम्वन्धी निर्देशिका, २०७३ को दफा २५ मा सूचनाको माग, सो अनुरुप सूचना प्रबाहको अवस्था वा सूचना दिन इन्कार गरेको अभिलेख राख्नुपर्ने जसमा सूचना माग गर्नेको विवरण तथा सूचनाको संक्षिप्त बिबरण आदिको विवरण राख्नुपर्ने उल्लेख भएकोमा सूचना माग र प्रबाहको अभिलेख व्यबस्थापन नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद २ दफा ७१ मा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले आगामी आर्थिक वर्षमा पनि भत्ता लिन चाहेमा दफा ६ को उपदफा १ मा उल्लेखित समयावधिभित्र वडा पालिकामा दरखास्त दिनुपर्ने व्यवस्था भएकोमा सो को पालना नभएको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ८ दफा २८ मा सामाजिक सुरक्षा कार्यक्रमको नियमित अनुगमन,मुल्याङ्कन तथा सुपरीवेक्षण गर्न स्थानीय स्तरको अनुगमन तथा सुपरीवेक्षण समिति गठन गर्नुपर्ने व्यवस्था भएकोमा उक्त समिति गठन नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ क मा आगामी आर्थिक वर्षमा भत्ता प्राप्त गर्नेहरुको विवरण सम्बन्धित वडा समितिहरुको सिफारिसका आधारमा स्थानीय सभामा पेश गर्नुपर्छ भन्ने व्यवस्था रहेकोमा पालिकाले लाभग्राहीहरुको विवरण सभामा पेश नगरेको,

• सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ घ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नाम नामेसि स्थानीय तहको वेवसाइटमा राख्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त कार्यविधिको पालना नगरेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३४ मा पालिकाले नयाँ नाम दर्ता, चौमासिक भत्ता वितरण सम्बन्धि विवरण सार्वजनिक गर्नुपर्ने व्यवस्था भएता पनि पालिकाले उक्त विवरणहरु सार्वजनिक गरेको देखिने गरी प्रमाण नराखेको,

• सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को परिच्छेद ९ दफा ३५ मा वडा समितिले प्रत्येक चौमासिकमा कम्तीमा एकपटक सामाजिक सुरक्षा कार्यक्रम सम्बन्धमा सार्वजनिक सुनुवाई गर्नुपर्ने र प्राप्त गुनासा तथा सुझावहरु सम्वोधन गर्नुपर्ने उल्लेख भएकोमा सो को पालना नभएको,

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

६२ **आन्तरिक लेखापरीक्षण -** आर्थिक कार्यविधि तथा वित्तीय उदरदायित्व ऐन, २०७६ को दफा ३३ अनुसार नेपाल सरकारका प्रत्येक कार्यलयको कारोबारको नियमितता मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताका आधारमा आन्तरिक लेखापरीक्षण महालेखा नियन्त्रक पालिका वा सो पालिकाले तोकेको कोष तथा लेखानियन्त्रक पालिकाबाट हुनेछ भन्ने रहेकोमा कोष तथा लेखा नियन्त्रक पालिका लमजुङबाट अन्तर सरकारी हस्तान्तरित कार्यक्रम (विषयगत निकायबाट प्राप्त रकम) को आन्तरिक लेखापरीक्षण भएको र आर्थिक विवरणहरु प्रमाणित गर्ने गरेको छ। त्यसैगरी स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिनाभित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ। यस स्थानीय तहले २०७९/८० को अन्तरसरकारी हस्तान्तरित कार्यक्रम बाहेक अन्य आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । पालिकाको आर्थिक कारोवारको आन्तरिक लेखापरीक्षण नगराउनु उचित देखिएन। तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ।

६३ **अनुगमन तथा भ्रमण खर्च -** भ्रमण खर्च नियमावली, २०६४ को नियम २१ मा भ्रमण खटिने पदाधिकारी वा कर्मचारीले भ्रमण गरेपछि सो को अभिलेख अनुसूची ६ को ढाँचामा राख्नुपर्ने तथा भ्रमणलाई विश्वसनीय वनाउन आवस्यकता अनुसार आन्तरीक नियन्त्रण प्रणालीको थप व्यवस्था गर्नुपर्ने उल्लेख छ । नियम १९ मा जिल्लाभित्रको ठाउँको दुरीको विवरण राख्नुपर्ने उल्लेख छ । पालिकाले यस वर्ष विषयगत शीर्षक तथा कन्टिन्जेन्सी वाहेक चालू खर्च शीर्षकवाट रु. २७ लाख १० हजार खर्च लेखेको छ। तर भ्रमणको उद्धेश्य, अनुगमन तथा भ्रमण प्रतिवेदन, भ्रमण अभिलेख, दुरीको विवरण, सवारी साधनको टिकट आदि राखेको छैन । जसले गर्दा अनुगमन तथा भ्रमणको सहि सदुपयोग भएको छ भन्ने आधार रहेन । यसमा सुधार गर्नुपर्ने देखिन्छ।

६४ **अनुगमन तथा भ्रमण भत्ता -** सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी वनाउने सम्वन्धी मापदण्ड २०७८ को दफा ८(५) मा सरकारी कामको सिलसिलामा अनुगमन तथा भ्रमणमा जाँदा कामसंग सम्वन्धित तीन जना भन्दा वढी व्यक्ति जान नपाइने उल्लेख गरेको छ। अनुगमन भ्रमणबाट फर्केपछि अनुगमन प्रतिवेदन पेश गरेमा मात्र भ्रमण खर्च लेख्नु पर्ने व्यवस्था छ। पालिकाले सो मापदण्डको पालना गर्दै सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्नु पर्दछ। नमुना छनौटको आधारमा लेखापरीक्षण गर्दा नगरपालिका स्वास्थ्य सम्वन्धी विभिन्न कार्यक्रम संचालन गर्दा अनुगमन खर्च भुक्तानीमा मापदण्डको पालना नगरी १९ जना भन्दा वढी व्यक्तिलाई विभिन्न कार्यक्रमको अनुगमन वापत भुक्तानी भएको देखिएको र अनुगमन गरेको प्रतिवेदन खर्चलाई नियन्त्रण गर्नुपर्ने देखिन्छ।

६५ **कानुन निर्माण -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधीनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाउनुपर्नेमा यस पालिकाले हालसम्म २१ ऐन, ४ नियमावली, २९ कार्यविधि ५ निर्देशिका र १ मार्गदर्शन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

६६ **न्यायिक समिति -** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यस आर्थिक वर्षमा जग्गा, साँध, सीमाना घरेलु हिंसा, रकम लेनदेन, गाली गलौच, खेतीबाली नष्ट, छोराछोरीको शिक्षा खर्च लगायत लालनपालन नगरेको सम्बन्धी विवाद सम्बन्धी १५ विवाद दर्ता भएकोमा कुल जम्मा २७ उजुरी मध्ये यस वर्ष १० वटा मात्र फछ्र्यौट भई ७ वटा विवाद फछ्यौट हुन बाँकी देखिन्छ। न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

६७ **सोझै खरिद -** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ (२) मा खरिद गर्दा प्रतिस्पर्धा सिमित हुने गरी टुक्रा-टुक्रा पारी खरिद गर्नु हुदैन भन्ने व्यवस्था रहेको छ भने सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ (१) मा रु.२० लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान वा अन्य सेवा सिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने, नियम ८५(१) मा रु.५ लाख रुपैयाँसम्म लागत अनुमान भएको मालसामान सोझै खरिद गर्न सकिने व्यवस्था रहेको छ भने नियम ८५(१) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको वा एउटै व्यक्ति, फर्म, कम्पनी वा संस्थाबाट एकपटकभन्दा बढी सोझै खरिद गर्न नपाउने व्यवस्था रहेको छ। पालिकाले रु. १९६४४९५ मूल्यको विभिन्न मालसामान तथा छपाई सामग्री खरिद गर्दा ऐन नियमको व्यवस्था पालना नगरी सोझै बजारबाट खरिद गरेको देखिएको छ । पालिकाले ऐन तथा नियममा भएको व्यवस्थाको पालना गर्दै एकै प्रकृतिका सरसामानको एउटै प्याकेज बनाई खरिद कार्य गर्नेतर्फ ध्यान पुर्याउनुपर्दछ ।

| भौचर। मिति | विवरण | फर्मको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| ९।२०७९।५।३० | मसलन्द तथा पालिका सामाग्री | शुभकामना सप्लायर्स | ८४४६७५ |
| ४९।२०७९।६।११ | मसलन्द तथा पालिका सामाग्री | श्री कृष्ण स्टेशनरी एण्ड सप्लायर्स | ९०७२७७ |
| ३४२।२०७९।१२।२१ | मसलन्द तथा पालिका सामाग्री | शुभकामना सप्लायर्स | ८४८९८ |
| ५४३।२०८०।३।२० | मसलन्द तथा पालिका सामाग्री | श्री कृष्ण स्टेशनरी एण्ड सप्लायर्स | ५२५४५ |
| ५४३।२०८०।३।२० | मसलन्द तथा पालिका सामाग्री | शिवम ओम इन्टरप्राइजेज | ७९१०० |
| जम्मा | | | १९६४४९५ |

६८ **फोहोरमैला व्यवस्थापन -** पालिकाले भौचर नं २२५।२०७९।१०।१६ बाट फोहोरमैला व्यवास्थापन गुरुयोजना निर्माण शीर्षक अन्तर्गत फोहोरमैला व्यवस्थापन गर्नका लागि क्लोभरलिक इन्जिनियरिङ प्रा ली संग मिति २०७९।८।२३, रु ४९९०२४.९५ मा सम्झौता गरी परामर्श सेवा वापत भुक्तानी गरेको देखिन्छ ।उक्त परामर्शदाताले फोहोरमैला व्यवस्थापनका लागि ३ वटा स्थान (रामवजार, सोतीपसल र दुईपिप्ले) लाई सिफारिस गरेको भएतापनि लेखापरीक्षणको अवधिसम्म पालिकाले यसतर्फ ध्यान दिएको पाइएन।त्यस्तै फोहोरमैला व्यवस्थापनका लागि आ व २०७९।८० का लागि नगरसभावाट रु ९००००० विनियोजन गरी कार्यापलिकाको मिति २०७९।५।८ को निर्णयबाट ट्याक्टर व्यवसायी ज्ञानराज मल्लसंग मिति २०७९।५।१६ मा सम्झौता भइ मासिक रु २८००० का दरले जम्मा रु २९४००० भुक्तानी भएको देखियो तर फोहोर व्यवस्थापन भने विजयवस्ती नजिक मिदिमखोला वगरमा हुने गरेको जानकारी प्राप्त भयो।त्यस्तै भौचर नं ५१७।२०८०।३।१३ बाट चिशंखु स्वास्थ्य चौकीको फोहोर व्यवस्थापन गर्नका लागि ट्याक्टर व्यवसायी सुनिल गुरुङसंग मासिक रु २२७०० का दरले सम्झौता गरी मादी खोला किनारमा फोहोर संकलन गर्ने गरेको देखियो।पालिकाले एकिकृत रुपमा फोहोरमैला संकलन कार्य गर्न कुनै कम्पनीसंग ठेक्का सम्झौता गरेर स्थानीय समुदायवाट समेत राजस्व संकलन गरी व्यवस्थित गर्नुपर्नेमा सो गरेको देखिएन। पालिकाले आन्तरिक आय वृद्धि गर्नका लागि फोहोरमैला संकलनको आय ठेक्का लगाउनुका साथै कुहिने र नकुहिने फोहोर स्रोतमै छुटयाइ पुनः प्रयोग गरी लाभ लिन सकिने व्यवस्था मिलाउने तर्फ ध्यान दिनुपर्छ ।

६९ **वढी भुक्तानी -** गण्डकी प्रदेश खर्चको मापदण्ड २०७९ मा कुनै पनि जिल्लास्तरको तालिम संचालन गर्दा शेशन र कार्यपत्र वापतको रकम भुक्तानी दिएपछि प्रदेशभित्रका प्रशिक्षकलाई दैनिक भ्रमण भत्ता वापतको रकम भुक्तानी गर्न मिल्ने देखिदैन ।पालिकाले भौचर नं ५४६।२०८०।३।२१ बाट न्यायिक समिति तथा मेलमिलापकर्ता क्षमता विकास सम्वन्धी ८ दिने ४८ घण्टे तालिममा प्रशिक्षण गरे वापत प्रशिक्षकद्वय विनिता गुरुङ र सुमन पौडेललाई शेशन, कार्यपत्र तथा दैनिक भ्रमण भत्ता समेत भुक्तानी गरेको पाइएकोले यातायात खर्च वापतको रु ५००० का दरले भुक्तानी भएको रकम असुल गर्नुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | १०,००० |

७० **औषधि खरिद -** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१) मा रु २० लाख रुपैयाँ सम्मको औषधिजन्य मालसामान राष्ट्रियस्तरको समाचारपत्रमा सूचना प्रकाशन गरी तोकेको विक्रि मूल्यमा सोझै खरिद गर्न सकिने तथा नियम ८४ मा रु ५ लाख भन्दा वढीको खरिद गर्दा सिलवन्दी दरभाउपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ।पा लिकाले यस आर्थिक वर्षमा शशर्त अनुदानबाट रु २८४५०१४ को औषधि तथा मेडिकल सामाग्री सोझै खरिद गरेको छ।

| गो भौ नं।मिति | विवरण | भुक्तानी पाउने | रकम |
|---|---|---|---|
| ३८।२०७९।८।२६ | औषधि खरिद | माउण्ट अन्नपुर्ण फार्मेसी | ६९८६७३ |
| ११३।२०७९।११।१८ | सर्जिकल सामान | हेल्थफुल सर्जिकल सप्लायर्स | २२१७५१ |
| २५०।२०८०।३।२० | औषधि खरिद | चिराग फार्मेसी | ३९९९९७ |

| | | | |
|---|---|---|---|
| २३२।२०८१।३।१८ | औषधि खरिद | चिराग फार्मेसी | १२९८३४ |
| १४५।२०८०।१।५ | सेनीटरी प्याड | कर्मदा ट्रेड एण्ड सप्लायर्स | ९९६९९९ |
| १८२।२०८०।२।२२ | भ्याक्सिन रेफ्रिजेरेटर | अंशु ट्रेडर्स प्रा ली | ३९७७६० |
| जम्मा | | | २८४५०१४ |

यस सम्वन्धमा देखिएका व्यहोरा निम्नानुसार छनः

¬ आपूर्ती भएको औषधि विश्व स्वास्थ संगठनबाट प्रमाणित हुनुपर्ने, औषधिको उत्पादन मिति व्याच नम्वर र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञबाट मुचुल्का उठाउने गरेको देखिएन।

¬ औषधिको जिन्सी खातामा आम्दानी वाध्दा खरिद गरेको र अन्य सस्थाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी वाँध्ने गरेको देखिएन।

¬ पालिकाद्वारा निशुल्क स्वास्थ्य कार्यक्रम भनी लोगो राखेको हुनुपर्ने उल्लेख भएकोमा उक्त लोगो रहेको औषधी देखिएन।

¬ पालिका मातहत हस्तान्तरण गरी पठाएका औषधिहरुको सदुपयोग सम्वन्धमा अनुगमन गरेको देखिएन।

७१ **बार्षिक खरिद योजना तथा गुरुयोजना -** सार्वजनिक खरिद ऐन २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा वढी रकमको खरिद गर्दा तोकिए वमोजिमको खरिद गुरुयोजना र बार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७ ले बार्षिक १० करोड भन्दा वढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाख भन्दा वढीको खरिद गर्दा बार्षिक खरिद योजना बनाउनुपर्ने व्यवस्था छ। यो बर्ष पालिकाले रु १४२३२६९१९ पुँजीगत खर्च गरेकोमा खरिद योजना र गुरुयोजना बनाएको देखिएन।

७२ **पेश्की बाँकी -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५२ (३) मा पालिकाले प्रचलित कानून अनुसार दिएको पेश्की म्याद नाघेको र ननाघेको छुट्टाछुट्टै अभिलेख राख्ने तथा उपनियम ४ मा लेखापरीक्षण गर्ने निकायले फछ्र्यौट हुन बाँकी पेश्की रकमलाई अन्तिम लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्नेपर्ने व्यवस्था गरेको छ। पालिकाले म्याद कायम रहेको देहाय बमोजिमका निर्माण व्यवसायीलाई दिएको पेश्की फछ्र्यौट हुन बाँकी रहेको विवरण पेश गरेकोमा समयमै पेश्की फछ्र्यौट गर्नतर्फ ध्यान दिनुपर्दछ।

| **गो. भौ. न.** | **पेश्कीकोविवरण** | **पेश्कीलिने ब्यक्ती, फर्म वा कम्पनीको नाम** | **म्याद ननाघेको पेश्की रकम** |
|---|---|---|---|
| २४,२०७९।०४।०१ | नगरपालिका प्रशासनिक भवन निर्माण | आरोग्य सुवेदी | २९६४५६२ |
| ३०,२०८०।०३।१८ | बर्थिङ सेन्टर सहितको बारे स्वास्थ्य चौकी | शुभ शुभम कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | १३००००० |

| | | | |
|---|---|---|---|
| ३२,२०८०।०३।२० | बर्थिङ सेन्टर सहितको बारे स्वास्थ्य चौकी | | १३०००००० |
| जम्मा | | | ५५६४५६२ |

## अनुसूचीहरू

**अनुसूची - १**

### आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७९/८०

कार्यालय र स्थान : मध्यनेपाल नगरपालिका, लमजुङ , मध्यनेपाल नगरपालिका , लमजुङ

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|

बेरुजु वर्गीकरणः

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ३,०६९,९८७.६ | ६,१९९,०९९ | ९,२२०,८७३ | ० | ० | ० |
| **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | | | | | १८,४८९,९५९.६ |
| **प्रारम्भिक प्रतिवेदन उपर फछ्यौंट गरी संपरीक्षण भएको रकम रु.** | | | | | ० |
| **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | | | | | ० |
| **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | | | | | १८,४८९,९५९.६ |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | ७१३९६१३१.६५ | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ४४४३७५०१२.५७ | **चालु खर्च** | १४२३२६९१९ |
| **प्रदेश सरकारबाट अनुदान** | १४७६०६८९ | **पूँजीगत खर्च** | ४०६७६६८२१.६ |
| **राजश्व बाँडफाँट** | ८९५४९८७३.८१ | **वित्तीय/अन्य व्यवस्था** | ३३११८३९.० |
| **आन्तरिक आय** | १२६५७८३९ | | |
| **अन्य आय** | १४४६०१९९.३३ | | |
| **कुल आय** | ५७५८०३६१३.७१ | **कुल खर्च** | ५५२४०५५७९.६ |

| | |
|---|---|
| **बाँकी मौज्दात** | ९४७९४१६५.७६ |